# समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन

स्नातकोत्तर तह (एम.एड्) द्वितीय वर्षको शैक्षिक योजना र व्यवस्थापन
विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि शैक्षिक योजना
तथा व्यवस्थापन विभागमा प्रस्तुत

**शोधपत्र**


शोधार्थी

राजकुमार बराल

त्रिवि दर्ता नं. : ३०१८८/८८

परीक्षा रोल नं. २१४०१३४

शैक्षिक वर्ष : २०६४/०६५



सुकना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर-४,मोरङ


चैत्र, २०६९

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुकुना बहुमुखी क्याम्पस स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी राजकुमार बरालले **समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशन तथा सल्लाह र सुझावका आधारमा तयार पार्नुभएको हो । प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालयको आवश्यक ढाँचाअनुरूप प्रस्तुत गर्नुभएको छ । निजको शोधकार्यप्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्र लाई मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

.......................................

सहायक प्रा. ऋषिराज धिमाल

शोधनिर्देशक

मिति : २०६९/११/०१

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत श्री सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङमा शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय लिई स्नातकोत्तर तह दोस्रो वर्षमा अध्ययन गर्ने छात्र राजकुमार बरालले त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्ने हेतुले **समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन** शीर्षकमा शोधपत्र तयार गरी शोधनिर्देशकबाट सिफारिस भएको हुँदा सो शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लक्ष्मीकुमार श्रेष्ठ | कार्यक्रम संयोजक | ........................ |
| २. | ऋषिराज धिमाल | शोधनिर्देशक | ........................ |
| ३. | प्रा.डा. अरविन्द लाल भोमी | बाह्य परीक्षक | ........................ |

मिति : २०६९/१२/१०

# कृतज्ञता ज्ञापन

**समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्ति गर्न तयार पारिएको हो । यस शोध अध्ययनले समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयहरूको यथार्थ अवस्थालाई उजागर गरेको मैले ठानेको छु । यस शीर्षकमा शोधप्रस्ताव स्वीकृत गरी शोधकार्य गर्ने अवसर प्रदान गर्ने सुकुना बहुमुखी क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभागप्रति म हार्दिक आभार प्रकट गर्दछु ।

शोधकार्यको प्रस्तावना लेखन र शोधलेखनमा समेत पाइलापाइलामा साथ दिने गुरु ऋषिराज धिमालप्रति कृतज्ञता प्रकट गर्दछु । शोधशीर्षक चयनदेखि नै चसो लिई प्रस्तुत शोध पूरा गर्न सुकुना बहुमुखी क्याम्पस, मोरङका स्नातकोत्तर कार्यक्रम संयोजक श्री लक्ष्मीकुमार श्रेष्ठको पनि यसमा ठूलो भूमिका रहेको छ । उहाँप्रति पनि कृतज्ञतासहित हार्दिक आभार व्यक्त गर्दछु । विद्यालय निरीक्षक लेखनाथ लुइँटेल, पथरी स्रोतकेन्द्रका स्रोतव्यक्ति सोमनाथ निरौलालगायत नमुना छनोट गरिएका विद्यालयका प्रधानाध्यापक र शिक्षक मित्रहरूको गुन पनि स्मरण गर्न चाहन्छु । यसबाहेक सम्बन्धित विद्यालयका विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरू लाई पनि धन्यवाद छ ।

अन्तमा, शोधपत्रको टाइप सेटिङ मात्र होइन शुद्धाशुद्धिसमेत हेरिदिने बालकल्याण निम्न माध्यमिक विद्यालय, शनिश्चरे-६, मोरङका प्रधानाध्यापक मेरा मित्र रोहिणीप्रसाद घिमिरेलाई समेत धन्यवाद दिन चाहन्छु ।

राजकुमार बराल

# शोधसार


प्रस्तुत शोधपत्र **समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन** शीर्षकसँग सम्बन्धित रहेको छ । समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयमा अभिभावकहरूको सहभागिताको स्थिति पहिचान गर्नु, समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयको व्यवस्थापकीय प्रभावकारिताको तुलना गर्नु, विद्यालयहरू सामुदायद्वारा व्यवस्थित हुनु र नहुनका कारणहरू पत्ता लगाउनु र समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयका समस्याहरू पत्ता लगाई समाधानका उपायहरू प्रस्तुत गर्नु यस अध्ययनका उद्देश्य रहेका छन् ।

प्रस्तुत अनुसन्धानका लागि परिमाणात्मक र गुणात्मक दुवै अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । प्रस्तुत अनुसन्धानका लागि मोरङ जिल्लाको पथरी स्रोतकेन्द्र अन्तर्गत सञ्चालित समुदायमा हस्तान्तरण भएका ३ र नभएका ३ सामुदायिक विद्यालयलाई नमुनाका रूपमा लिइएको छ । ती विद्यालयका प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, शिक्षकहरू, विद्यार्थीहरू, अभिभावकहरू, सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति र विद्यालय निरीक्षकलाई नमुना जनसङ्ख्याका रूपमा लिइएको छ । प्रश्नावली, अन्तर्वार्ता, अभिलेख तथा अवलोकनका माध्यमबाट आवश्यक तथ्याङ्कहरूको सङ्कलन गरिएको छ । तथ्याङ्कलाई तालिका, प्रतिशत र स्तम्भचित्रमा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

अनुसन्धानबाट समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका तुलनामा समुदायद्वारा व्यवस्थित विद्यालयहरूको स्थिति तुलनात्मक रूपमा राम्रो रहेको देखिएको छ । शिक्षक र विद्यार्थीको औसत उपस्थिति र विद्यार्थीको औसत सिकाइउपलब्धि समुदायद्वारा व्यवस्थित विद्यालयमै सन्तोषजनक रहेको पाइएको छ । यस्तै विद्यार्थीले कक्षा छाड्ने र दोहोर्‍याउने दर समुदायद्वारा व्यवस्थित नभएका विद्यालयमा उच्च देखिएको छ । कक्षामा शिक्षकले अध्यापन गराउने औसत समय र विद्यालय सञ्चालन भएको जम्मा दिन पनि समुदायद्वारा व्यवस्थित विद्यालयमै बढी पाइएको छ । समुदायद्वारा व्यवस्थित नभएका विद्यालयको दाँजोमा समुदायद्वारा व्यवस्थित विद्यालयको प्राथमिक तह पूरा गर्ने तथा केटीहरूको खुद भर्ना दर पनि उच्च रहेको देखिएको छ । प्रतिकक्षा औसत विद्यार्थी सङ्ख्या पनि समुदायद्वारा व्यवस्थित विद्यालयमै बढी देखिएको छ । सहजै देखिने भर्ना दर समुदायद्वारा व्यवस्थित विद्यालयमा बढी देखिएको छ भने खुद भर्ना दर समुदायद्वारा व्यवस्थित नभएका विद्यालयमा बढी देखिएको छ । भौतिक रूपमा भने समुदायद्वारा व्यवस्थित नभएका विद्यालयहरू धनी देखिएका छन् । आर्थिक रूपमा पनि समुदायद्वारा व्यवस्थित नभएका विद्यालय नै अग्रणी

पाइएका छन् । विद्यालयहरू समुदायमा हस्तान्तरित हुनुमा एकमुष्ट आर्थिक सहयोग पाइने, वि.व्य.स.ले बढी अधिकार प्राप्त गर्ने, राहत अनुदान तथा अन्य अनुदानमा पनि प्राथमिकता पाइने, आर्थिक कारोबार पारदर्शी हुने, विद्यालयमा समुदायको संलग्नता बढ्ने, स्थानीय स्रोत र साधनको सहज सञ्चालन हुने, शिक्षक-विद्यार्थी र अभिभावकबीचको सम्बन्ध सुदृढ हुने जस्ता कारणहरू रहेका देखिएका छन् । यद्यपि विद्यालयहरू समुदायमा हस्तान्तरित हुन डराइरहेको अवस्था पनि देखिएको छ ।

विद्यालयको व्यवस्थापन गर्न स्थानीय समुदाय सक्षम भइनसकेको, एकमुष्ट अनुदान दिएर सरकार शिक्षाको दायित्वबाट पन्छिन खोजेको, विद्यालयको आम्दानीका स्रोतहरू नभएको जस्ता विषय विद्यालय समुदायमा हस्तान्तरण हुन नसक्नुका कारणका रूपमा देखिएका छन् । विद्यालयहरूको खुद भर्ना दर र सहजै देखिने भर्नादर सुधार गर्न विद्यार्थीमुखी कार्यक्रमहरू प्रतिपादन गर्नुपर्ने, विद्यालय र जिल्ला शिक्षा कार्यालयबीचको सम्बन्ध अझ प्रगाढ पार्नुपर्ने, शिक्षक तथा विद्यार्थी आचारसंहितालाई व्यवहारमा लागु गर्नुपर्ने, विद्यार्थीको सिकाइउपलब्धि वृद्धि गर्ने कार्यक्रमहरू ल्याउनुपर्ने, विद्यालयको पठनपाठन प्रक्रियामा सुधार गर्नुपर्ने, शिक्षकहरू पेसाप्रति इमानदार बन्नुपर्ने, अतिरिक्त क्रियाकलापलाई बढावा दिनुपर्ने, विद्यालय र समुदायको सम्बन्ध सुदृढ पार्दै लानुपर्ने, शिक्षक तथा प्रधानाध्यापकको नियुक्तिमा पुनर्विचार गर्नुपर्ने जस्ता सुधारका कदम चाल्नुपर्ने देखिन्छ ।

# विषयसूची

सिफारिसपत्र क
स्वीकृतिपत्र ख
कृतज्ञता ज्ञापन ग
शोधसार घ
तालिकासूची झ
चित्रसूची ञ
सङ्क्षिप्त शब्दको पूरा रूप ट

परिच्छेद एक : परिचय
१. १. अध्ययनको पृष्ठभूमि १
१. २. समस्याको कथन ४
१. ३. अध्ययनको औचित्य ५
१. ४. अध्ययनका उद्देश्य ६
१. ५. अनुसन्धानात्मक प्रश्नहरू ६
१. ६. अध्ययनको परिसीमा ७
१. ७. शब्दावलीको अर्थ र परिभाषा ७

परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका
२. १. सम्बन्धित साहित्यको पुनरावलोकन ८
२. २. सैद्धान्तिक खाका ११
२. ३. पुनरावलोकनको उपादेयता १२

परिच्छेद तीन : अध्ययन विधि
३. १. अनुसन्धान ढाँचा १३
३. २. जनसङ्ख्या १३
३. ३. नमुनाको आकार १३
३. ४. नमुना छनोट विधि १३

३. ५. अनुसन्धानका साधनहरू १४

३. ६. साधनको वैधता १४

३. ७. तथ्याङ्कका स्रोतहरू १४

३. ८. तथ्याङ्क सङ्कलन प्रक्रिया १४

३. ९. तथ्याङ्क विश्लेषण प्रक्रिया १५

परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

४. १. अभिभावकको सहभागिता १६

४. १. १. अभिभावकको सहभागिताको स्थिति १६

४. १. २. शिक्षक र विद्यार्थीको औसत उपस्थिति दर १७

४. १. ३. विद्यार्थीको खुद भर्ना दर र सहजै देखिने भर्ना दर १९

४. १. ४. औसत सिकाइउपलब्धि २०

४. १. ५. विद्यार्थीको कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दर २१

४. १. ६. कक्षामा शिक्षकले अध्यापन गराउने औसत समय २२

४. १. ७. स्कुल सञ्चालन भएको जम्मा दिन र कक्षा ५ को नतिजा २३

४. २. विद्यालयको व्यवस्थापकीय प्रभावकारिताको तुलना २४

४. २. १. प्राथमिक तह पूरा गर्ने दर र केटीहरूको खुद भर्ना प्रतिशत २५

४. २. २. शिक्षक बैठक र अतिरिक्त क्रियाकलाप २६

४. २. ३. कक्षाकोठा सङ्ख्या र विद्यार्थी अनुपात २७

४. २. ४. भौतिक सामग्रीको विवरण २८

४. २. ५. आय-व्यय विवरण २९

४. २. ६. प्रतिविद्यार्थी कक्षाकोठाको क्षेत्रफल ३१

४. ३. विद्यालयहरू समुदायद्वारा व्यवस्थित हुन र नहुनका कारणहरू ३२

४. ३. १. प्रतिविद्यार्थीका लागि खेलमैदान ३२

४. ३. २. स्रोतव्यक्तिका अभिव्यक्ति ३३

४. ३. ३. प्रधानाध्यापकका भनाइहरू ३३

४. ३. ४. वि.व्य.स. अध्यक्षका भनाइहरू ३४

४. ३. ५. शिक्षकका धारणा ३५

४. ३. ६. विद्यार्थीका अभिव्यक्ति ३६
४. ४. समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयका समस्या र समाधानका उपाय ३७
४. ४. १. विद्यालय सेवाक्षेत्रभित्रका अभिभावकका अभिव्यक्ति ३७
४. ४. २. शिक्षक अभिभावक संघका अध्यक्षका अभिव्यक्तिहरू ३८
४. ४. ३. तालिमप्राप्त शिक्षकको अनुपात ३९

परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव
५. १. प्राप्ति ४१
५. २. निष्कर्ष ४२
५. ३. सुझाव ४३
सन्दर्भ सामग्रीहरू ४६
अनुसूचीहरू ४७

# तालिका सूची


| | | | |
|---|---|---|---|
| तालिका १ | : | अभिभावकको सहभागिताको स्थिति | १६ |
| तालिका २ | : | शिक्षक र विद्यार्थीको औसत उपस्थिति दर | १७ |
| तालिका ३ | : | खुद भर्ना दर र सहजै देखिने भर्ना दर | १९ |
| तालिका ४ | : | प्राथमिक तहको औसत सिकाइउपलब्धि | २१ |
| तालिका ५ | : | विद्यार्थीको कक्षा छाड्ने र दोहोऱ्याउने दर-२०६८ | २२ |
| तालिका ६ | : | कक्षा शिक्षकले अध्यापन गराउने औसत समय | २३ |
| तालिका ७ | : | कक्षा सञ्चालन भएको जम्मा दिन र कक्षा ५ को अन्तिम परीक्षाको नतिजा | २४ |
| तालिका ८ | : | प्राथमिक तह पूरा गर्ने दर र केटीहरूको खुद भर्ना प्रतिशत | २५ |
| तालिका ९ | : | शिक्षक बैठक र अतिरिक्त क्रियाकलाप | २६ |
| तालिका १० | : | कक्षाकोठा र विद्यार्थीको अनुपात | २७ |
| तालिका ११ | : | विद्यालयको भौतिक वस्तुको विवरण | २८ |
| तालिका १२ | : | आय-व्यय विवरण | ३० |
| तालिका १३ | : | प्रतिविद्यार्थी कक्षाकोठाको क्षेत्रफल | ३१ |
| तालिका १४ | : | प्रतिविद्यार्थीको लागि खेलमैदान | ३२ |
| तालिका १५ | : | तालिमप्राप्त शिक्षक अनुपात | ३९ |

# चित्र सूची


| | | | |
|---|---|---|---|
| चित्र १ | : | शिक्षकको उपस्थिति दर | १८ |
| चित्र २ | : | विद्यार्थीको उपस्थिति दर | १८ |
| चित्र ३ | : | खुद भर्ना दर र सहजै देखिने भर्ना दर-२०६८ | २० |

# सङ्क्षिप्त शब्दको पूरा रूप

| | | |
|---|---|---|
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| नि.मा.वि. | : | निम्न माध्यमि विद्यालय |
| प्र.अ. | : | प्रधानाध्यापक |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| वि.सं. | : | विक्रम सम्बत् |
| शि.अ.संघ | : | शिक्षक अभिभावक संघ |
| GER | : | Gross Enrollment Rate |
| NER | : | Net Enrollment Rate |

# परिच्छेद एक : परिचय

## १. १. अध्ययनको पृष्ठभूमि

मानिस सदैव अगाडि बढ्न चाहन्छ । यसका लागि उसलाई चेतना चाहिन्छ । मानिसमा चेतना दिने काम शिक्षाले गर्दछ । यसरी शिक्षाविना मानिसको विकास सम्भव छैन । मानिसको विकाससँगसँगै शिक्षाको पनि विकास भएको हो । प्रारम्भमा शिक्षाको व्यवस्थापन अवैज्ञानिक ढङ्गको भए पनि बढी व्यावहारिक भएको अनुमान गर्न सकिन्छ । मानव सभ्यताको विकासका क्रममा ठूलाठूला युगहरू पार गर्दै शिक्षा यहाँसम्म आइपुगेको हो । यसको विकास गर्ने/गराउने सन्दर्भमा व्यवस्थापनको ठूलो भूमिका रहेको छ । वर्तमान अवस्थामा विद्यालय व्यवस्थापन दुई तरिकाले सञ्चालन हुने गरेको छ, समुदायद्वारा व्यवस्थित र सरकार नियन्त्रित । समुदायद्वारा व्यवस्थित भएका विद्यालय भन्नाले विद्यालय सञ्चालनका कार्यहरूको नीति निर्माण गर्ने, व्यवस्थापन गर्ने, योजना बनाउने, संगठन गर्ने, समन्वय गर्ने र नियन्त्रण गर्ने काम समाजका व्यक्तिहरूले गर्नु भन्ने बुझिन्छ भने सरकार नियन्त्रित विद्यालय भन्नाले विद्यालय सञ्चालनको समग्र कार्य सरकार मार्फत केन्द्रित रहेको भन्ने बुझिन्छ ।

सामुदायिक विद्यालय व्यवस्थापन हस्तान्तरण नीति तथा सामुदायिक विद्यालय सहयोग कार्यक्रमले निर्धारण गरेको कार्यक्रम ढाँचा, २०५९ मा उल्लेख भएअनुसार समुदायका अभिभावक, शिक्षक र व्यवस्थापन समितिले स्थानीय गैरसरकारी संस्था समेतको साझेदारीमा विद्यालय क्रियाकलापको योजना बनाउने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, मूल्याङ्कन गर्ने तथा अभिलेख राख्ने; समुदायद्वारा व्यवस्थापन हुने विद्यालयहरूबीच अनुभवको आदानप्रदान गर्ने थलोका रूपमा यस्ता विद्यालयहरूको एउटा कार्यजालो निर्माण गर्ने; अनुसन्धान सहायता समूहद्वारा र गैरसरकारी संस्थालाई सहयोग गर्ने; यस्तो समूहमा अनुसन्धानकर्ता, शिक्षा मन्त्रालयका कर्मचारी तथा स्रोतव्यक्तिहरू समेत रहने; जसले समुदायको व्यवस्थापनमा चलेका विद्यालयहरूको नजिकैबाट अध्ययन गर्नेछन् । त्यसको नतिजाले विद्यालय विकासका लागि पृष्ठपोषणको काम गर्नेछ । यस क्रममा सुरुमा एउटा अनुसन्धान सहायता समूह खडा गर्ने, त्यसमार्फत् अरू समूहको संयोजन गर्ने र अनुभव प्रदान गर्ने योजना रहेको पाइन्छ (शिक्षा विभाग, २०६४) ।

नेपालको शिक्षा विकासको अवस्थालाई हेर्दा वि.सं. २०२८ साल पूर्वको शिक्षा पूर्णरूपले समुदायमा निर्भर रहेको थियो । सो समयसम्म विद्यालयहरू समुदायद्वारा समुदायकै प्रयासमा स्थापना एवम् व्यवस्थापन हुँदै आएका थिए । शिक्षा ऐन, २०२८ लागू भइसकेपछि क्रमशः विद्यालय सञ्चालन र

व्यवस्थापनमा समुदायको भूमिका साँघुरो बनाउँदै लगियो । केही हदसम्म विद्यालयको व्यवस्थापनमा समुदायलाई सहभागी बनाउने प्रयास भए पनि त्यो सफल हुन सकेन । निजी विद्यालयहरूको वृद्धिसँगै सामुदायिक विद्यालयहरूमा अभिभावकको सहभागिता घट्दै जान थाल्यो । सामुदायिक विद्यालयमा विद्यार्थी क्रमशः घट्न थाले । यसैले विद्यालय शिक्षाको विकास प्रक्रियामा समुदायको महत्वपूर्ण भूमिका रहने तथ्यलाई मनन गर्दै सामुदायिक विद्यालयहरूको व्यवस्थापन समुदायमा हस्तान्तरण हुनुपर्दछ भन्ने अवधारणाको हाल विकास हुँदै गएको देखिन्छ (शिक्षा विभाग, २०६४) ।

विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्यक्रम पश्चिमी देशहरू अमेरिका, डेनमार्क आदिबाट प्रारम्भ भएको हो । यसबाट ती मुलुकले विद्यालय शिक्षाका क्षेत्रमा व्यापक सुधार गरेको देखिन्छ । नेपालमा पनि विद्यालयको व्यवस्थापनमा समुदायको भूमिका अझै सक्रिय र सुदृढ गराई सोमार्फत् शैक्षिक गुणस्तर वृद्धि गर्ने उद्देश्यले सामुदायिक विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिने नीति सरकारले अघि सारेको छ । विद्यालय व्यवस्थापनमा समुदायलाई परिचालन गरी विद्यालयको सर्वाङ्गीण विकास गर्ने लक्ष्य सरकारले लिएको देखिन्छ । विद्यालयहरूलाई समुदायद्वारा व्यवस्थित गर्नका लागि नेपाल सरकार र विभिन्न दातृ निकायहरूबाट प्रोत्साहन अनुदान दिने नीति रहेको छ । विद्यालयले प्राप्त गर्ने उक्त प्रोत्साहन अनुदान विद्यालय विकास कार्यमा लगाउन सकिने, आकर्षक र उत्प्रेरक क्षेत्रहरू निर्धारण गरी विद्यालय शिक्षाको घेराबाट बाहिर रहेका विद्यार्थीहरूलाई विद्यालयमा भर्ना गर्न प्रेरित गर्ने जस्ता कार्यक्रमहरू कार्यान्वयनमा रहेका छन् । नेपाल सरकारले आ.व. २०६०/०६१ देखि सामुदायिक विद्यालयहरूको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने नीति अगाडि ल्याएको हो । दसौं पञ्चवर्षीय योजना अवधिमा ८ हजार सामुदायिक विद्यालयहरूको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्यक्रम रहेको थियो । यद्यपि उक्त कार्यक्रम लक्ष्यअनुरूप सफल हुन भने सकेन । केवल ३ हजार ४ सय विद्यालयहरूले मात्रै व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने सर्त स्वीकारेका छन् (शिक्षा विभाग, २०६४) ।

समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण गर्नका लागि विद्यालयका सूचकहरूको विश्लेषण आवश्यक हुन्छ । नेपालका सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या घट्ने क्रममा रहेको छ । प्राथमिक तहको खुद भर्नादर ८७.४% रहेको छ । विद्यार्थीहरूले विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने वा चक्र पूरा नगर्ने दर अझै उच्च देखिन्छ । प्राथमिक तहको उत्तीर्ण दर ७४.२०% रहेको छ भने कक्षा दोहोऱ्याउने दर १४.२४% र कक्षा छाड्ने दर ११.५६% रहेको छ (शिक्षा विभाग, २०६४) ।

सामुदायिक विद्यालय सहयोग कार्यक्रमअन्तर्गत विद्यालयबाट आवेदन लिने, निश्चित मापदण्डअनुसार गैरसरकारी संस्थाको छनौट गर्ने, क्षेत्रीय अनुसन्धान सहायता समूहको गठन गर्ने,

सहभागितात्मक प्रक्रियाद्वारा विद्यालयको दूरदृष्टि तयार गर्ने, पहुँच, दक्षता र गुणस्तरका सूचकहरू बनाउने र त्यसका आधारमा आधाररेखा जनाउने, विद्यालयका क्रियाकलापहरूको सहभागितात्मक अनुगमन गर्ने, अद्यावधिक गर्ने, अन्तिम मूल्याङ्कन गर्ने, विद्यालय व्यवस्थापन समुदायमा हस्तान्तरण भएका विद्यालयहरूलाई जिल्ला शिक्षा कार्यालय मार्फत तहअनुसार एकमुष्ट रकम अनुदान दिने व्यवस्था रहेको छ । उक्त रकम निःसर्त विद्यालयको सुधार तथा निर्माण गर्नका लागि खर्च गर्न सकिने व्यवस्था छ । विद्यालयको व्यवस्थापन समुदायलाई दिनुको मुख्य कारण विद्यालयमा समुदायको सहभागिता वृद्धि गर्न नै हो । यसै कारण समुदायमा गए वापत तहगत रूपमा पाउने रकम विद्यालयले आफ्नै कार्ययोजनाका आधारमा खर्च गर्न पाउने प्रावधान राखिएको छ । यस्ता विद्यालयहरूले अरु विद्यालयसरह नै नियमित अनुदान पाउने र त्यस्तो अनुदान विद्यार्थी सङ्ख्याका आधारमा बढ्दै जाने सुनिश्चितता पनि गरिएको छ (शिक्षा विभाग, २०६४) । यस अनुदानका अलवा कार्यसम्पादनका आधारमा उत्कृष्ट कार्य गर्ने विद्यालयलाई विशेष प्रोत्साहन अनुदान प्रदान गर्ने व्यवस्था पनि गरिएको छ । यस्ता विद्यालयमा शिक्षक दरबन्दी खाली भएमा आवश्यक प्रक्रिया पूरा गरी विद्यालय आफैँले पदपूर्ति गर्न सक्नेछ । यसरी नियुक्त भएका शिक्षकले अन्य शिक्षक सरह नै तलब सुविधा पाउने व्यवस्था गरिएको छ । शिक्षा विभागले समुदायमा हस्तान्तरण भए पनि उक्त विद्यालय शिक्षाको दायित्व बहन गर्न सरकार पछि नहट्ने विश्वास समेत दिलाएको छ (शिक्षा विभाग, २०६४) ।

समुदायले विद्यालयको व्यवस्थापन जिम्मा लिन केके गर्ने भन्ने सम्बन्धमा विद्यालयले केही चरणहरू पूरा गर्नुपर्ने हुन्छ । विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र अभिभावकहरूले यससम्बन्धी कानुनी व्यवस्था र प्रक्रियाका बारेमा शिक्षा कार्यालय, स्रोतव्यक्ति, स्थानीय संघसंस्थाहरूसँग जानकारी लिई स्पष्ट धारणा बनाउने, विद्यालय व्यवस्थापन समितिद्वारा समुदायले नै विद्यालयको व्यवस्थापन गर्ने सम्बन्धमा औपचारिक निर्णय गर्ने, विद्यालय विकासको कार्ययोजना बनाउने, जिल्ला शिक्षा कार्यालयले तोकेको निवेदन फाराम भरी दर्ता गर्ने कार्य गर्नुपर्दछ । विद्यालयले विद्यालय विकासको २ वर्षे कार्ययोजना तयार गरी पेस गर्नुपर्दछ । नेपाल सरकारले यस्ता विद्यालयहरूलाई प्राथमिकताका आधारमा सहयोग गर्ने नीति लिएकाले थप शिक्षक अनुदान, भौतिक निर्माण जस्ता कार्यक्रमहरूमा भाग लिन जिल्ला शिक्षा कार्यालयसँग सुमधुर सम्बन्ध कायम गर्नुपर्ने हुन्छ (शिक्षा विभाग, २०६४) ।

विद्यालयमा मानवीय शक्तिको व्यवस्थापन गर्ने सिलसिलामा संगठनमा आवश्यकता सँगसँगै व्यक्तिको आवश्यकतालाई समेत पूरा गर्ने गरी समन्वय गर्दै नीति तथा योजनाको तर्जुमा हुनेछ । शैक्षिक व्यवस्थापन भनेको कार्यकर्ताहरूको प्रयासमा सामञ्जस्यता स्थापित गर्ने र उपयुक्त सामग्री

हरूलाई मानवीय गुणको विकास हुने गरी परिचालन गर्ने प्रक्रिया हो । यसले केटाकेटी तथा युवा हरूको विकासमा मात्र नभई वयस्क र विशेष गरी विद्यालयका कार्यकर्ताहरूको विकासमा चासो राख्दछ (श्रेष्ठ, २०६२) ।

## १. २. समस्याको कथन

मानव समाजको विकास र उन्नयनका लागि नै विद्यालयको स्थापना गरिएको हुन्छ । समाजको उत्थान र विकासका लागि स्थापना गरिएका विद्यालयमा समुदायको सहभागिता रहनु आवश्यक छ । विद्यालयको विकासमा समुदायको सहभागिताले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसैकारण नेपाल सरकारले विगत केही वर्षदेखि सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने नीति लिँदै आएको छ । तथापि समुदायले विद्यालयहरूको व्यवस्थापन गर्ने वा नगर्ने भन्ने सवालमा ठूलै बहस पनि हुँदै आएको छ । सामुदायिक विद्यालयको व्यवस्थापन स्थानीय समुदायलाई हस्तान्तरण गर्ने नीतिले शिक्षाको दायित्वबाट सरकार पन्छिन खोजेको भन्ने आवाज उठ्न थालेको पनि छ । अर्कातर्फ विदेशी दातृ निकायहरूले सामुदायिक विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा नलगाए दिँदै आएको आर्थिक सहयोग बन्द गर्ने सर्तले सरकारलाई सामुदायिक विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्दै जानुपर्ने बाध्यता रहेको छ । विद्यालय व्यवस्थापनको जिम्मा समुदायले लिने हो भने शिक्षक कर्मचारीलाई तलब खुवाउनै समस्या हुने तर्क पनि उठ्दै आएका छन् । आर्थिक रूपले कमजोर विद्यालयहरू भने व्यवस्थापनको जिम्मा समुदायले लिँदा तत्काल केही आर्थिक अनुदान पाइने भएकाले विद्यालयलाई ठूलो सहयोग मिल्ने तर्क गर्दै आएका छन् । यस्तो सुविधा पहुँचका आधारमा मात्र पाइने आरोप पनि लाग्दै आएको छ । हालसम्मको व्यवस्थापन जिम्मवारी र अवस्थालाई मूल्याङकन गर्ने हो भने आर्थिक रूपले निकै कमजोर रहेका र उच्च तहमा निजी स्रोतका शिक्षक राखी विद्यालय सञ्चालन गर्नुपर्ने विद्यालयहरू समुदायद्वारा व्यवस्थित हुन लालयित देखिएका छन् । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू सक्षम र सक्रिय रहेका, आर्थिक रूपले सम्पन्न र तहगत रूपमा पर्याप्त शिक्षक दरबन्दी रहेका विद्यालयहरू समुदायद्वारा व्यवस्थित हुन आनाकानी गरिरहेका देखिन्छन् ।

नेपाल सरकारले समुदायमा जान चाहने विद्यालयहरूलाई प्रोत्साहन स्वरूप अनुदान दिने कार्यक्रम आर्थिक वर्ष २०६०/०६१ बाट प्रारम्भ गरेको हो । तर समुदायबाट सामुदायिक विद्यालयको व्यवस्थापनको जिम्मेवारी लिन जुन चासो देखिनुपर्ने पर्ने हो त्यो भने पाइएको छैन । विद्यालयको व्यवस्थापन समुदायमा जाँदा सरकार विद्यालय शिक्षाको दायित्वबाट पूरै पन्छिने त

होइन भन्ने आशङ्का उठ्ने गरेको छ । विदेशी अनुदान रोकिने बित्तिकै विद्यालयको दुर्दशा हुने र शिक्षक दरबन्दी काटिने भय छ । विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिँदा आफूहरूले सरकारी शिक्षक सरह सुविधा र इज्जत नरहने शङ्का शिक्षकहरूमा उब्जिएको छ । यी तमाम आशङ्काका कारण सामुदायिक विद्यालय सञ्चालनमा जटिलता आउनसक्ने भएकाले समुदायद्वारा व्यवस्थापन जिम्मा लिएका र नलिएका सामुदायिक विद्यालयको तुलनात्मक स्थिति कस्तो रहेको छ भन्ने पत्ता लगाउन यो अनुसन्धान गर्न लागिएको हो ।

## १. ३. अध्ययनको औचित्य

सामुदायिक विद्यालयलाई सामुदायिक संस्थाका रूपमा स्थापित गर्नु आवश्यक छ । विद्यालय व्यवस्थापनमा समुदायको सहभागिता बढाउने व्यवस्था गर्नु पनि अपरिहार्य छ । विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्यक्रमबाट शिक्षाको गुणस्तर अभिवृद्धि हुने, समुदायका अभिभावकहरूको विद्यालयमा उपस्थित बढ्ने, शिक्षक र उनीहरूको क्रियाकलापको अवलोकन हुने र विद्यालय समुदायको सम्पत्ति हो भन्ने धारणामा समेत वृद्धि हुने अपेक्षा गरिएको छ । विद्यालयको व्यवस्थापन प्रणाली प्रभावकारी रह्यो वा रहेन भनी समुदायलाई जानकारी प्राप्त गर्न सहयोग मिल्नेछ । व्यवस्थापन हस्तान्तरण स्वीकार्ने वा नस्वीकार्ने भन्ने कुरा व्यावहारिक निर्णय दिनसक्ने विचारको रचना गर्न सहयोग पुग्नेछ । समुदायमा व्यवस्थापन हस्तान्तरण नस्वीकार्दा आर्थिक समस्या निराकरण गर्न कठिन पर्ने, समुदायको कुनै पनि प्रकारको दायित्व विद्यालयमा नहुँदा पक्षपातपूर्ण व्यवहार हुने, विद्यालय र समाजका बीच दोहोरो सम्बन्धको अभाव हुने जस्ता समस्या देखिन्छन् । विद्यालयको भौतिक तथा शैक्षिक र विद्यार्थीको पठनपाठन स्थितिका बारेमा समुदायबाट कति हदसम्म सुधार गर्न सकिन्छ ? कमजोर व्यवस्थापन प्रणालीमा स्थानीय स्तरबाट के कति सुधार गर्न सकिने अवस्था छ ? जस्ता प्रश्नहरू उठिरहेकाले सोको वस्तुस्थिति निर्क्योल गर्न यस विषयमा अध्ययन गरिएको हो ।

यस अध्ययनले विद्यालय व्यवस्थापन र विकासका सम्बन्धमा थप नयाँ कदमको विकास गर्न व्यवस्थापकहरूलाई टेवा पुऱ्याउने अपेक्षा गरिएको छ । अनुसन्धान क्षेत्रका विद्यालयहरूमा प्रत्यक्ष रूपले समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको यथार्थ स्थिति बोध गराई सुधारका उपायहरू सुझाउनेछ । यस अनुसन्धानले व्यवस्थापन विद्यालयले स्वीकार गर्दा र नगर्दाका राम्रा तथा नराम्रा पक्षहरू स्पष्ट गरी केलाउनेछ । राज्यमा एकथरीको जमातले सरकारले निरंकुशता अपनाउन सजिलो होस् भनी दायित्वबाट मुक्त हुन खोजेको आरोप लगाउँदै आएको छ भने सरकार विभिन्न प्रलोभनहरू देखाएर सामुदायिक विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा लगाउने

ध्याउन्नमा छ । समुदायमा हस्तान्तरण भएका र नभएका दुवै किसिमका विद्यालयको तुलनात्मक स्थितिचाहिँ के छ भन्ने सवालमा खास अध्ययन भएका छैनन् । दुवै किसिमका विद्यालयको यथार्थ स्थिति निर्क्योल गर्नु नै यस अध्ययनको औचित्य रहेको छ ।

## १. ४. अध्ययनका उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

क) समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयमा विद्यार्थीको सहभागिता, शिक्षक उपस्थिति तथा अध्यापन, विद्यालयमा सञ्चालित भएका कार्यक्रम र भौतिक पूर्वाधारका आधारमा तुलनात्मक अध्ययन गर्नु ।

ख) समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयका समस्या पत्ता लगाउनु ।

ग) समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयका समस्या समाधानका उपायहरू प्रस्तुत गर्नु ।

## १. ५. अनुसन्धानात्मक प्रश्नहरू

प्रस्तुत अनुसन्धान निम्न अनुसन्धानात्मक प्रश्नहरूमा केन्द्रित रहेको छ :

क) समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयहरूको तुलनात्मक अवस्था कस्तो रहेको छ ?

ख) समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको भौतिक पूर्वाधारको अवस्था कस्तो रहेको छ ?

ग) समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयमा विद्यार्थीको सहभागिताको स्थिति कस्तो रहेको छ ?

ग) सामुदायिक विद्यालयहरू समुदायद्वारा व्यवस्थित हुनु र नहुनुका कारणहरू केके हुन् ?

घ) समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयका समस्याहरू केके हुन् ?

ङ) समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयका समस्या समाधानका उपायहरू केके हुनसक्छन् ?

## १. ६. अध्ययनको परिसीमा

सीमित स्रोत, साधन, समय र खर्चका कारण प्रस्तुत विषयमा विस्तृत रूपमा अनुसन्धान गर्न असम्भव छ। यसर्थ मोरङ जिल्लाको पथरी स्रोतकेन्द्र अन्तर्गत सञ्चालनमा रहेका ६ वटा सामुदायिक विद्यालयहरूमा मात्र यो अध्ययनलाई सीमित गरिएको छ। समुदायद्वारा व्यवस्थित भएका ३ र नभएका ३ वटा विद्यालयहरूमा मात्र यो अध्ययन सीमित भएकाले यसको निष्कर्ष पनि सोही क्षेत्रमा मात्र सामान्यीकरण हुनसक्नेछ।

समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयमा विद्यार्थीको सहभागिता, शिक्षक उपस्थिति तथा अध्यापन, विद्यालयमा सञ्चालित कार्यक्रम तथा भौतिक पूर्वाधार जस्ता पक्षमा केन्द्रित रही नमुना छनोट गरिएका विद्यालयका समस्या पहिचान गर्ने र समाधानका उपायहरू सुझाउने विषयमा मात्र यो अनुसन्धान सीमित रहेको छ।

## १. ७. शब्दावलीको अर्थ र परिभाषा

| | | |
|---|---|---|
| स्रोतकेन्द्र | : | विद्यालयहरूको केन्द्र पर्ने गरी तोकिएको केन्द्र विद्यालय |
| स्रोतव्यक्ति | : | स्रोतकेन्द्रको प्रमुख व्यक्ति |
| खुद भर्ना | : | विद्यालय उमेर समूहको विद्यार्थी भर्ना |
| समुदायमा हस्तान्तरण | : | सरकारले समुदायलाई चलाउन जिम्मा दिएको |
| साझेदारी | : | दुई वा तीन पक्षबीचको सहमति |
| सामान्यीकरण | : | अर्को परिस्थितिमा प्रयोग हुन सक्नु |

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

यस परिच्छेदमा प्रस्तुत अध्ययनसँग सम्बन्धित पूर्वसाहित्यहरूको पुनरावलोकन गरी समीक्षात्मक विश्लेषण गरिएको छ । त्यस्तै अध्ययनको सैद्धान्तिक खाका र पुनरावलोकनको उपादेयतालाई पनि यस परिच्छेदमा समाविष्ट गरिएको छ ।

## २. १. सम्बन्धित साहित्यको पुनरावलोकन

कठायत (२०६७) का अनुसार व्यवस्थापनको जिम्मा लिएका विद्यालयहरूले धमाधम व्यवस्थापनको जिम्मेवारी सरकारलाई नै फिर्ता गर्न थालेका छन् । विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिँदाका बखत जिल्ला शिक्षा कार्यालय र शिक्षा विभागद्वारा दिने भनिएका सहयोग तथा अनुदानका सर्तहरू पूरा नभएका कारण व्यवस्थापनको जिम्मेवारी फिर्ता गर्न चाहने विद्यालयको सङ्ख्या बढ्दै गएको छ । समुदायमा जिम्मा दिएका र नदिएका विद्यालयहरूले पाउने सुविधामा खासै अन्तर रहेको छैन । पहुँचका आधारमा शिक्षक दरबन्दी वितरण गर्ने परिपाटी कायमै छ । व्यवस्थापनको जिम्मेवारी समुदायलाई दिँदा विदेशी र साझेदार निकायलाई मात्र फाइदा पुग्ने देखिएको छ । स्थानीय स्रोत र गाउँ विकास समितिको बजेटबाट शिक्षक पाल्दै आएका विद्यालयले व्यवस्थापनको जिम्मा लिएपछि राहत पाउने आकर्षण देखाइएको थियो तर जिम्मा लिँदाका क्रममा एक लाख रूपैयाँबाहेक अन्य सुविधा नपाएपछि समुदायको यसप्रति विकर्षण बढ्दै गइरहेको छ । समुदायले व्यवस्थापनको जिम्मा लिएका र नलिएका विद्यालयका बीचमा कुनै अन्तर देखिएको छैन ।

अधिकारी (सन् २०१०) का अनुसार नेपालमा विद्यालय शिक्षाको विकास गर्नमा समुदायको ठूलो हात रहेको छ । शिक्षा ऐन, २०२८ सातौँ संशोधन २०५९ अनुसार सामुदायिक विद्यालयको व्यवस्थापन समितिमा विद्यालयमा अध्ययनरत विद्यार्थीकै अभिभावक मात्र रहने प्रावधान राखी समुदायलाई अधिकार सम्पन्न बनाउने व्यवस्था गरियो । यसै सन्दर्भमा सार्वजनिक विद्यालयहरूको गुणस्तर वृद्धि गराउनका लागि सोको व्यवस्थापन समुदायमा नै जिम्मा दिने नीति नेपाल सरकारले अघि ल्यायो । यो कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका समेत जारी गरिएको छ । आ.व. २०५९/६० देखि यो कार्यक्रम प्रारम्भ भएको हो । यसको अवधारणाअनुसार विद्यालयको सर्वाङ्गीण विकासका लागि व्यवस्थापनको जिम्मेवारी समुदायलाई जिम्मा दिने छ । यसको उद्देश्य विकेन्द्रित शासन प्रणालीको प्रत्याभूति गराउने, स्थानीय समुदायको बढी सहभागिता गराउने, शैक्षिक गुणस्तर र व्यवस्थापन क्षमतामा वृद्धि गर्ने, उत्तरदायित्व र जिम्मेवारीको किटान गर्ने र पारदर्शिता तथा निरन्तर अनुगमन

गर्नुपर्ने नीतिगत व्यवस्था छ । यस कार्यक्रमलाई सफल पार्न नेपाल सरकार र विश्व बैंकको संयुक्त सहयोगमा ३ वर्षे सामुदायिक विद्यालय सहयोग कार्यक्रम २०६०/६१ देखि नै सुरु भैसकेको छ । यसको मुख्य उद्देश्य विद्यालयमा विद्यार्थी एवम् अभिभावकको संलग्नता बढाउने, पहुँच, गुणस्तर, सक्षमता, काममा पारदर्शिता वृद्धि गराउँदै सम्बन्धित सबैलाई जिम्मेवारी बोध गराउने रहेको छ । कार्यक्रमको ढाँचा साझेदारी रूपमा विद्यालयको सम्पूर्ण कार्य सञ्चालन गरी यस प्रकारका विद्यालयको अनुभव प्रदान र साटासाट गर्ने एउटा सञ्जाल तयार गरेको पाइन्छ र यस कार्यक्रम मार्फत विद्यालयलाई अनुदान दिने, छात्रवृत्तिको व्यवस्था गर्ने, क्षमता अभिवृद्धिका लागि तालिम तथा सचेतना अभिवृद्धि गर्ने कार्यक्रम, अनुगमन तथा मूल्याङ्कन र अन्य सहयोग गर्ने नीति समेत रहेको छ ।

SERID (2003) का अनुसार सामुदायिक विद्यालयका व्यवस्थापन समितिले विद्यालय व्यवस्थापनका सम्बन्धमा सक्रिय भूमिका खेलेका भए पनि कुनै प्रभावकारी योजना र कार्यक्रमहरू ल्याएका छैनन् । व्यवस्थापन हस्तान्तरणपछि विद्यालय व्यवस्थापन समितिले कुनै नियम र नीतिको विकास गर्न सकेको छैन । शिक्षक, विद्यार्थीका लागि आचारसंहिता बनाउन सकेका छैनन् । विद्यालय व्यवस्थापन समिति, शिक्षक र सरोकार राख्ने व्यक्तिहरूका लागि कतैबाट अभिमुखीकरण कार्यक्रम पनि सञ्चालन भएको छैन । विद्यालय व्यवस्थापन समितिका कतिपय पदाधिकारीहरूमा अब के गर्ने भन्नेबारे अन्योल रहेको छ । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू विद्यालयमा हुने विभिन्न कार्यक्रमहरूको अनुगमन गर्न सक्षम रहेका छैनन् । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन आवश्यक देखिएको छ । सरकारले विद्यालयलाई समुदायमा व्यवस्थापन हस्तान्तरण त गऱ्यो तर अनुगमन, आवश्यक तालिम र सचेतना कार्यक्रमप्रति ध्यान दिन सकेन । तयारी नगरी व्यवस्थापन हस्तान्तरण गरिएकाले व्यवस्थापन हस्तान्तरण भएका र नभएका विद्यालयहरूमा कुनै फरक देखिएको छैन । प्रायः प्राथमिक विद्यालयमात्र समुदायमा व्यवस्थापन हस्तान्तरण हुने गरेको देखिएको छ । विद्यालय व्यवस्थापन समितिले विद्यालय सञ्चालन गर्नलाई खास क्षमता प्रस्तुत गर्न सकेको छैन । व्यवस्थापन हस्तान्तरणले आत्मनिर्भर बनाउन सकेको छैन । व्यवस्थापन हस्तान्तरणमा स्थानीय निकायको भूमिका सन्तोषजनक देखिएको छैन ।

भण्डारी (२०६१) का अनुसार आधारभूत तथा प्राथमिक शिक्षा परियोजना विद्यालयमा समुदायको सहभागिता वृद्धि गरी व्यवस्थापन पक्षलाई सुदृढ बनाउन सकिएको छैन । छात्राको भर्नादर वृद्धि हुन सकेको छैन । दलित र पिछडिएका वर्गका बालबालिकाको विद्यालय सहभागितामा वृद्धि भए पनि समुदायमा विद्यालय हाम्रो हो भन्ने कुरा विकसित हुन सकेको छैन ।

पाण्डे (२०६४) का अनुसार शिक्षाका निम्ति सम्पूर्ण बन्दोबस्त जनस्तरबाटै सुरु भएको इतिहास बोकेको हाम्रो शिक्षा प्रणालीमा जनसहभागिता र यसको भूमिका महत्वपूर्ण भए तापनि

जनसहभागिताको भावनात्मक र भौतिक पक्षमा भने निराशा उत्पन्न भएको छ । जनसहभागितालाई स्वतःस्फूर्त रूपमा क्रियाशील राख्न र यसलाई निरन्तर प्रभावकारी बनाउन शिक्षा नीतिमा स्थिरता हुनुपर्दछ । विद्यालयहरूमा सुव्यवस्था र शैक्षिक प्रशासनलाई पनि सक्रिय राख्नु पर्दछ । साथै पुरस्कार र दण्डको नीतिलाई अवलम्बन गर्नुपर्दछ ।

खनाल (२००६) का अनुसार समुदायमा हस्तान्तरण नभएका विद्यालयहरूको आन्तरिक दक्षता कमजोर रहेको छ । प्राथमिक तहको उत्तीर्ण दर ६९.९% मात्र रहेको छ । कक्षा दोहोऱ्याउने दर १०.४ र बीचैमा कक्षा छाड्ने दर १९.६% रहेको छ ।

बज्राचार्य र सिग्देल (२००७) का अनुसार जम्मा २२% सामुदायिक विद्यालयमा मात्र खानेपानीको सुविधा उपलब्ध छ । शौचालयको व्यवस्था भएका सामुदायिक विद्यालयहरू २५% मात्र छन् । १६% विद्यालयमा मात्र खेलमैदान छ भने पुस्तकालयको सुविधा भएका सामुदायिक विद्यालयको सङ्ख्या १३% मात्र छ ।

खनाल (२०६५) का अनुसार समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको आन्तरिक दक्षता, व्यवस्थापकीय पक्ष र विद्यालयसँग सम्बन्धित अन्य पक्षहरूमा स्पस्ट अन्तर देखा परेको छ । यी सबै पक्षमा समुदायमा हस्तान्तरण भएका विद्यालयहरू सबल देखिएका छन् । तथापि सम्पूर्ण सामुदायिक विद्यालयहरू समुदायमा हस्तान्तरण भएका छैनन् । सरकारले लक्ष्य राखेजति विद्यालयहरू निर्धारित समयावधिमा समुदायमा हस्तान्तरण हुन सकेका छैनन् । समुदायमा हस्तान्तरण भएका विद्यालयलाई थप आर्थिक र प्राविधिक सहयोग पनि उपलब्ध गराउँदै जाने ऐन, नियममै स्पस्ट व्यवस्था गरिएको भए पनि अधिकांश सामुदायिक विद्यालयहरू समुदायमा हस्तान्तरित हुन लालयित देखिएका छैनन् ।

गौतम (२०६६) का अनुसार समुदायमा हस्तान्तरण हुनु पूर्व र भएपश्चात् विद्यालयहरूको आन्तरिक दक्षता, व्यवस्थापकीय पक्ष, विद्यालयको भौतिक अवस्था, समुदाय सशक्तीकरण जस्ता पक्षहरूमा स्पस्ट फरक देखिएका छन् । यी सबै पक्षमा समुदायमा हस्तान्तरण भएका विद्यालयहरू अगाडि देखिएका छन् । तथापि सामुदायिक विद्यालयहरूमा समुदायमा हस्तान्तरण हुने आकाङ्क्षा भने अपेक्षा गरेअनुरुप देखिएको छैन ।

## २. २. सैद्धान्तिक खाका

प्रस्तुत अनुसन्धानका लागि एफ.डब्लु. टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त, हजवर्गको आरोग्य सिद्धान्त, जर्ज इल्टन मायोको मानव सम्बन्ध सिद्धान्त र चेस्टर बर्नाडको मानव संसाधन व्यवस्थापन सिद्धान्तलाई सैद्धान्तिक आधार मानिएको छ ।

एफ.डब्लु. टेलर (१८५६) का अनुसार उत्पादकत्व बढाउने कार्य दक्ष कामदारहरूको भएकोले कार्यदक्षता बढाएर उत्पादकत्व बढाउन सकिन्छ । प्रत्येक कामदारले परम्परागत शैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्दछ । कामदारलाई आफैँले काम छान्ने परम्परा छुट्याएर र वैज्ञानिक ढङ्गले कामदार छनौट गर्ने र छानिएका कामदारलाई तालिम दिने तथा दक्षताको काम सिकाउनु पर्छ । वैज्ञानिक ढङ्गबाट काम हुने गरी व्यवस्थापक र कामदारबीच आत्मीय सहयोग, सम्बन्ध र सामञ्जस्यता स्थापित गर्नुपर्छ । कामदारलाई कार्यप्रति अधिकतम उपलब्धि हासिल गर्ने ढङ्गले परिचालन गर्नुपर्छ । वैज्ञानिक ढाँचाले ज्याला निर्धारण गर्नुपर्छ । बढी काम गर्नेलाई बढी ज्याला दिनुपर्छ । कामदार र व्यवस्थापकबीच स्पष्ट कार्य विभाजन गर्नुपर्छ । कामदारलाई मात्र दोष दिने र आफू उम्कने परिपाटी त्याग्नु पर्छ (कोइराला र श्रेष्ठ, २०६२ बाट उद्धृत) ।

हर्जवर्ग (सन् १९५०) का अनुसार उपलब्धि, मान्यता, चुनौतीपूर्ण काम, उन्नति तथा कार्यमा वृद्धि, उत्तरदायित्व, महत्व जस्ता कार्यसूचीसँग सम्बन्धित तत्वहरूलाई अभिप्रेरणाको तत्व मानिएको छ । खास किसिमको राम्रो अनुभव वा सन्तुष्टि दिने कार्य कामदारको रुचि बढाउने आवश्यक तत्वहरू हुन् र विचित्र किसिमका नराम्रा अनुभव वा असन्तुष्टि दिने कार्यहरू आरोग्य तत्वको रूपमा रहेका हुन्छन् (कोइराला र श्रेष्ठ, २०६२ बाट उद्धृत) ।

चेस्टर बर्नाड (१८८६) का अनुसार एक्लैले हासिल गर्न नसकेका लक्ष्य र उद्देश्य हासिल गर्न नै व्यक्तिहरू संगठनमा आउने हुनाले संगठनात्मक लक्ष्यलाई काम गर्ने व्यक्तिहरूको व्यक्तिगत लक्ष्यसँग सन्तुलन गर्न सके मात्र संगठन कुशलतासाथ चल्न सक्छ (कोइराला र श्रेष्ठ, २०६२ बाट उद्धृत) ।

मायो (१८८०) का अनुसार उत्पादकत्व भन्ने कुरा प्राविधिक पक्ष मात्र नभई सामाजिक पक्ष पनि हो । समूहमा कामको जिम्मेवारी कार्यदक्षताको आधारमा निर्धारण गर्नुपर्दछ । कर्मचारीको कमीकमजोरी पत्ता लगाई समन्वय र प्रेरणा प्रदान गर्नुपर्दछ । कर्मचारीको योग्यतानुसार नेतृत्व विकास गराउनुपर्दछ । सांगठनिक क्रियाकलापमा सबैलाई सहभागी गराउनु पर्दछ । कर्मचारीबीच दोहोरो र वास्तविक सञ्चार प्रणाली स्थापना गर्नु आवश्यक हुन्छ । कार्यदक्षता बढाउन सामाजिक दक्षता पनि बढाउनु पर्दछ । औपचारिक एवम् अनौपचारिक सबैखाले संगठनलाई महत्व दिनु पर्दछ (कोइराला र श्रेष्ठ, २०६२ बाट उद्धृत) ।

## २. ३. पुनरावलोकनको उपादेयता

यस अध्ययनका लागि पुनारावलोकन गरिएका सम्बन्धित साहित्यहरूको अध्ययनबाट विद्यालयको उन्नयनका लागि जनसहभागिताको महत्वपूर्ण भूमिका रहेको स्पष्ट भएको छ। समुदायमा हस्तान्तरण भएका र नभएका सामुदायिक विद्यालयहरूमा विद्यार्थी सहभागिता, भौतिक पूर्वाधार, कार्यक्रम सञ्चालन आदि पक्षमा केही अन्तर देखिन थालेको छ। खेलकुद, पुस्तकालय जस्ता पक्षमा यसको स्पष्ट संकेत देखिन थालेको छ। कतिपय स्थानमा समुदायमा हस्तान्तरण भएका विद्यालयको आन्तरिक दक्षता कमजोर रहेको र कतिपय स्थानमा उत्साहजनक रहेको पनि देखिएको छ। छात्राहरूको भर्नादरमा वृद्धि नभए पनि दलित र पिछडिएका जातिका बालबालिकाको शिक्षामा पहुँच वृद्धि हुँदै गएको देखिएको छ। कतिपय स्थानमा समुदायमा हस्तान्तरण भएका विद्यालय पनि पुनः फिर्ता आउन थालेको देखिएको छ। यी सबैको पुनरावलोकनबाट यस अनुसन्धान क्षेत्रका सामुदायमा हस्तान्तरण भएका र नभएका सामुदायिक विद्यालयहरूको तुलनात्मक अध्ययन गर्न मार्गप्रशस्त भएको छ।

# परिच्छेद तीन : अध्ययन विधि

समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयहरूमा अभिभावकको सहभागिताको वास्तविक अवस्था पत्ता लगाउने र व्यवस्थापकीय प्रभावकारिताको तुलना गर्ने ध्येयले गरिएको प्रस्तुत अनुसन्धान निम्न विधिहरूको अधीनमा रही गरिएको छ ।

## ३. १. अनुसन्धान ढाँचा

यो अनुसन्धान कार्य गुणात्मक र परिमाणात्मक दुबै ढाँचाबाट निर्देशित रहेको छ । अध्ययनको उद्देश्य पूरा गर्नका लागि छनोट गरिएका विद्यालयहरूमा पुगी सरोकारवालाहरू सँग भेट गरी छलफल, अन्तर्वार्ता, प्रश्नोत्तर र अवलोकन जस्ता विधिहरू अपनाइएको छ ।

## ३. २. जनसङ्ख्या

अनुसन्धानका क्रममा मोरङ जिल्लाको पथरी स्रोतकेन्द्र भित्रका ४१ वटा सामुदायिक विद्यालयमध्ये समुदायमा व्यवस्थापन हस्तान्तरण भएका ३ वटा र नभएका ३ वटा गरी जम्मा ६ वटा विद्यालयहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

## ३. ३. नमुनाको आकार

जनसङ्ख्याको छनोट तथा निर्धारण गर्ने क्रममा उद्देश्यमूलक छनोट विधि अनुसार पथरी स्रोतकेन्द्रका स्रोतव्यक्ति, नमुना छनोट गरिएका ६ वटा विद्यालयका प्रधानाध्यापकहरू, ती विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, शिक्षक अभिभावक संघका अध्यक्षहरु, प्रत्येक विद्यालयका एक/एक जना गरी ६ जना कर्मचारीहरु, प्रत्येक विद्यालयका २/२ जना गरी १२ शिक्षकहरु, हरेक विद्यालयबाट ३/३ जनाका दरले १८ जना विद्यार्थीहरु र प्रत्येक विद्यालयका ४/४ जनाका दरले २४ अभिभावकहरु यस अनुसन्धानको नमुनाका रुपमा रहेका छन् ।

## ३. ४. नमुना छनोट विधि

प्रस्तुत अनुसन्धानको निर्धारित उद्देश्य पूरा गर्न उद्देश्यमूलक नमुना छनोट विधि प्रयोग गरिएको छ । अनुसन्धान कार्य सहज रूपमा सम्पन्न गर्न र अध्ययनकर्ताको सहजताका लागि यस विधि अवलम्बन गरिएको हो ।

### ३. ५. अनुसन्धानका साधनहरू

अनुसन्धानका सिलसिलामा तथ्याङ्कहरू सङ्कलन गर्न निम्नअनुसारका साधनहरूको प्रयोग गरिएको छ :

क) प्रश्नावली : नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, शि.अ.संघका अध्यक्ष, शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक र स्रोतव्यक्तिबाट प्रश्नावलीका आधारमा सूचना लिइएको छ। उक्त प्रश्नावलीहरू अनुसूचीमा उल्लेख गरिएको छ।

ख) अन्तर्वार्ता निर्देशिका : नमुना छनोटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक, प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, शि.अ.संघका अध्यक्ष र स्रोतव्यक्तिसँग प्रत्यक्ष अन्तर्वार्ता समेत लिइएको छ।

### ३. ६. साधनको वैधता

साधनको वैधताका लागि अनुसन्धान निर्देशकसँग छलफल गरिएको छ। प्राप्त सुझावका आधारमा साधनको उपयोग गरिएको छ। आफूभन्दा अगाडिका अनुसन्धान- कर्ताका अनुभवका आधारमा समेत साधनको वैधता सुनिश्चित गरिएको छ। अनुसन्धान विशेषज्ञका राय तथा सुझावलाई समेट्नुका साथै अनुसन्धानको पूर्व परीक्षण गरेर पनि साधनको वैधता निर्धारण गरिएको छ।

### ३. ७. तथ्याङ्कका स्रोतहरू

प्रस्तुत अनुसन्धानका लागि प्राथमिक तथा द्वितीय दुवै किसिमका तथ्याङ्कका स्रोतहरूको प्रयोग गरिएको छ।

क) प्राथमिक स्रोत : प्रश्नावली र अन्तर्वार्ताका माध्यमबाट प्राथमिक स्रोत जुटाइएको छ।

ख) द्वितीय स्रोत : प्रस्तुत अनुसन्धान कार्यसँग सम्बन्धित प्रकाशित पुस्तक, पत्रपत्रिका, विद्यालयका विद्यालय सुधार योजनाहरू, विभिन्न अभिलेखहरू, स्रोतकेन्द्रका कागजातहरू, जिल्ला शिक्षा कार्यालयका व्यवस्थापन सम्बन्धीका प्रतिवेदनहरू, गाविसका विद्यालय व्यवस्थापन सम्बन्धीका प्रतिवेदनहरू आदिलाई द्वितीय स्रोतका रूपमा उपयोग गरिएको छ।

### ३. ८. तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत अनुसन्धानका लागि मोरङ जिल्ला पथरी स्रोतकेन्द्रभित्रका समुदायद्वारा व्यवस्थित भएका र नभएका ३/३ वटा विद्यालयमा क्रमशः पुगी विद्यालयका प्रधानाध्यापक, विद्यालय

व्यवस्थापन समितिका अध्यक्ष, शिक्षकहरू र विद्यार्थीहरूसँग प्रत्यक्ष अन्तर्वार्ता लिई आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३. ९. तथ्याङ्क विश्लेषण प्रक्रिया

समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयको तुलनात्मक अध्ययन गर्ने सिलसिलामा प्राप्त तथ्याङ्कहरूलाई तालिका, स्तम्भचित्र, वृत्तचित्रमा राखी आवश्यक विश्लेषण र व्याख्या गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

यस परिच्छेदमा समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन गर्न उद्देश्यअनुसारका शीर्षकहरुमा दुवै किसिमका विद्यालयको निम्न अनुसार तुलनात्मक विश्लेषण र व्याख्या गरिएको छ ।

## ४. १. अभिभावकको सहभागिता

अनुसन्धानका क्रममा व्यवस्थित भएका र नभएका विद्यालयमा अभिभावकको सहभागिता पहिचान गर्ने सिलसिलमा देहाय बमोजिमका सूचकहरूलाई प्रयोग गरिएको छ :

### ४.१.१. अभिभावकको सहभागिताको स्थिति

नमुना छनोटमा परेका समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयमा अभिभावकको सहभागिताको स्थितिको तुलना गर्न दुवै किसिमका विद्यालयमा विभिन्न अवसरमा शैक्षिक वर्ष २०६८ मा अभिभावकको सहभागिताको स्थिति खोजी गरिएको थियो । प्राप्त सूचनाका आधारमा दुवै किसिमका विद्यालयमा अभिभावकको सहभागिताको स्थिति निम्नअनुसार रहेको पाइयो ।

तालिका १ : अभिभावकको सहभागिताको स्थिति

| कार्य | समुदायद्वारा व्यवस्थित भएका विद्यालय | समुदायद्वारा व्यवस्थित नभएका विद्यालय |
|---|---|---|
| वि.व्य.स. बैठक | १२ पटक | ९ पटक |
| अतिरिक्त क्रियाकलाप | ४ पटक | २ पटक |
| नतिजा प्रकाशन/पुरस्कार वितरण | ३ पटक | ३ पटक |
| शि.अ.संघ बैठक | ६ पटक | ४ पटक |
| अभिभावक दिवस | १ पटक | १ पटक |
| घरदैलो कार्यक्रम | १ पटक | १ पटक |
| छात्रवृत्ति वितरण | १ पटक | १ पटक |

स्थलगत अध्ययन, २०६८ ।

प्रस्तुत तालिकामा समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयमा वि.व्य.स. बैठक, शि.अ.संघ बैठक, अतिरिक्त क्रियाकलाप, नतिजा विश्लेषण तथा पुरस्कार वितरण, अभिभावक दिवस, घरदैलो कार्यक्रम, छात्रवृत्ति वितरण जस्ता कार्यहरू सम्पन्न भएको पटक उल्लेख गरिएको छ ।

तालिका अनुसार समुदायद्वारा व्यवस्थित भएका र नभएका दुवै किसिमका विद्यालयमा अभिभावक दिवस, घरदैलो कार्यक्रम र छात्रवृत्ति वितरण समान १/१ पटक भएको देखिन्छ । तर वि.व्य.स. बैठक समुदायद्वारा व्यवस्थित विद्यालयमा १२ पटक बसेको देखिन्छ भने समुदायद्वारा व्यवस्थित नभएका विद्यालयमा ९ पटक मात्र बसेको देखिन्छ । अतिरिक्त क्रियाकलाप समुदायद्वारा व्यवस्थित विद्यालयमा ४ पटक र नभएका विद्यालयमा २ पटक मात्र भएको देखिन्छ । शि.अ.संघ बैठक पनि समुदायद्वारा व्यवस्थित विद्यालयमा ६ पटक र नभएका विद्यालयमा ४ पटक मात्र बसेको देखिन्छ । यस आधारमा समुदायद्वारा व्यवस्थित विद्यालयमा अभिभावकको सहभागिताको स्थिति तुलनात्मक रूपमा राम्रो रहेको देखियो ।

४.१.२. शिक्षक र विद्यार्थीको औसत उपस्थिति दर

नमुना छनोटमा परेका विद्यालयमा अभिभावकको सहभागिताको तुलना गर्नका लागि अध्ययन अनुसन्धानका क्रममा शिक्षक र विद्यार्थीको औसत उपस्थिति दरको तथ्याङ्क लिइएको थियो । उक्त तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २ : शिक्षक र विद्यार्थीको औसत उपस्थिति दर

| समुदायद्वारा व्यवस्थित भएका विद्यालय | | | | समुदायद्वारा व्यवस्थित नभएका विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विद्यालय | उपस्थिति दर | | क्र सं. | विद्यालय | उपस्थिति दर | |
| | | शिक्षक | विद्यार्थी | | | शिक्षक | विद्यार्थी |
| १ | सामाजिक निमावि | ९४% | ९०% | १ | जनसेवा उमावि | ९०% | ७५% |
| २ | दुर्गा मावि | ९०% | ७५% | २ | जनता निमावि | ९०% | ९०% |
| ३ | चन्द्रकिरातेश्वर मावि | ९२% | ८०% | ३ | सूर्योदय प्रावि | ९१% | ७८% |
| | औसत | ९२% | ८१.६६% | | औसत | ९०.३३% | ८१% |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।


प्रस्तुत तालिकामा समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयहरूको शैक्षिक सत्र २०६८ को शिक्षकको उपस्थिति दर र विद्यार्थीको उपस्थिति दर देखाइएको छ । समुदायद्वारा व्यवस्थित भएका सामुदायिक विद्यालय सामाजिक निमावि, दुर्गा मावि र चन्द्र किरातेश्वर मावि हुन् भने नभएका विद्यालय जनसेवा उमावि, जनता निमावि र सूर्योदय प्रावि हुन् ।

समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायकि विद्यालयहरूको तुलनात्मक रूपमा तथ्याङ्कको विश्लेषण गर्दा समुदायद्वारा व्यवस्थित भएका सामुदायिक विद्यालयको शिक्षक र

विद्यार्थीको औसत उपस्थिति दर क्रमशः ९२% र ८१.६६% देखिन्छ । समुदायद्वारा व्यवस्थित नभएका विद्यालयमा यो दर क्रमशः ९०.३३% र ८१% देखिन्छ । यस हिसाबले हेर्दा समुदायद्वारा व्यवस्थित भएका विद्यालयमा शिक्षक र विद्यार्थीको औसत उपस्थिति दर समुदायद्वारा व्यवस्थित नभएका विद्यालयमा भन्दा केही राम्रो देखिन्छ ।

माथिको तालिकाको तथ्याङ्कका आधारमा समुदायद्वारा व्यवस्थित भएका विद्यालय र नभएका विद्यालयको शैक्षिक सत्र २०६८ को शिक्षकको उपस्थिति दर र विद्यार्थीको उपस्थिति दरलाई तल वृत्तचित्रमा पनि प्रस्तुत गरिएको छ :


चित्र १ : शिक्षकको उपस्थिति दर




उपर्युक्त वृत्तचित्रका आधारमा विश्लेषण गर्दा समुदायद्वारा व्यवस्थित भएका विद्यालयमा समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका तुलनामा अभिभावकको सहभागिता केही उत्साहप्रद रहेको देखिन्छ ।

समुदायद्वारा व्यवस्थित भएका र नभएका दुवै किसिमका विद्यालयमा विद्यार्थीको उपस्थिति दरलाई पनि निम्न अनुसार वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

चित्र २ : विद्यार्थीको उपस्थिति दर



उल्लिखित वृत्तचित्रमा समुदायमा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयका शिक्षक र विद्यार्थीको शैक्षिक सत्र २०६८ को औसत उपस्थिति दर देखाइएको छ । वृत्तचित्र अनुसार समुदायमा व्यवस्थापन हस्तान्तरण भएका विद्यालयमा शिक्षकको उपस्थिति दर तुलनात्मक रूपमा केही बढी देखिएको थियो । विद्यार्थीको उपस्थिति दर पनि व्यवस्थापन समुदायद्वारा व्यवस्थित भएका विद्यालयमै केही बढी देखिएको छ ।

४.१.३. विद्यार्थीको खुद भर्नादर र सहजै देखिने भर्नादर

समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयमा अभिभावकको सहभागिताको तुलनात्मक अध्ययन गर्ने सन्दर्भमा छनोटमा परेका विद्यालयमा शैक्षिक सत्र २०६८ को विद्यार्थीको खुद भर्नादर र सहजै देखिने भर्नादरको अध्ययन गरिएको थियो । अनुसन्धानका सिलसिलामा उक्त प्रयोजनका लागि सङ्कलन गरिएका तथ्याङ्कहरू तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ३ : खुद भर्नादर र सहजै देखिने भर्नादर


| समुदायद्वारा व्यवस्थित भएका विद्यालय | | | | समुदायद्वारा व्यवस्थित नभएका विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | नाम | भर्ना दर | | क्र.सं. | नाम | भर्ना दर | |
| | | खुद | सहजै देखिने | | | खुद | सहजै देखिने |
| १ | सामाजिक निमावि | ९३% | १०५% | १ | जनसेवा उमावि | ८९.५% | १२०% |
| २ | दुर्गा मावि | ९७% | १०८% | २ | जनता निमावि | ९०.५% | ११५% |
| ३ | चन्द्रकिरातेश्वर | ९५% | १२५% | ३ | सूर्योदय प्रावि | ९२% | ११०% |

स्रोत : सम्बन्धित विद्यालयका विद्यालय सुधार योजनाहरू ।

उपर्युक्त तालिका अनुसार समुदायद्वारा व्यवस्थित भएका विद्यालयको खुद भर्नादर र सहजै देखिने भर्नादर औसतमा क्रमशः ९५% र ११२.६६% देखिन्छ । त्यस्तै समुदायद्वारा व्यवस्थित नभएका विद्यालयमा यो दर क्रमशः ९०.६६% र ११५% देखिन्छ । तुलनात्मक रूपले विश्लेषण गर्दा सहजै देखिने भर्नादर समुदायद्वारा व्यवस्थित भएका सामुदायिक विद्यालयमा बढी देखिन्छ भने खुद भर्नादर कम देखिन्छ ।

समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको खुद भर्नादर र सहजै देखिने भर्नादरलाई निम्न अनुसार स्तम्भचित्रमा पनि प्रस्तुत गरिएको छ ।

चित्र ३ : खुद भर्नादर र सहजै देखिने भर्नादर-२०६८




प्रस्तुत स्तम्भचित्रमा विद्यार्थीको खुद भर्नादर र सहजै देखिने भर्नादर देखाएको छ। समुदायद्वारा व्यवस्थित भएका विद्यालयको खुद भर्ना दर (NER) ९५% र समुदायद्वारा व्यवस्थित नभएका विद्यालयको खुद भर्ना दर (NER) ९०.६६% देखिन्छ भने समुदायद्वारा व्यवस्थित भएका विद्यालयको सहजै देखिने भर्नादर (GER) ११२.६६% र समुदायद्वारा व्यवस्थित नभएका विद्यालयको सहजै देखिने भर्नादर (GER) ११५% देखिन्छ। तुलनात्मक रूपमा हेर्दा विद्यार्थीको खुद भर्नादर समुदायद्वारा व्यवस्थित नभएका विद्यालयमा बढी देखिन्छ भने सहजै देखिने भर्नादर समुदायद्वारा व्यवस्थित भएका विद्यालयमा बढी देखिन्छ।

### ४.१.४. औसत सिकाइ उपलब्धि

प्रस्तुत अनुसन्धानका क्रममा नमुना छनोटमा परेका विद्यालयका प्राथमिक तहको औसत सिकाइउपलब्धिलाई पनि अध्ययन गरिएको थियो। समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको प्राथमिक तहको औसत सिकाइउपलब्धिलाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ४ : प्राथमिक तहको औसत सिकाइउपलब्धि

| समुदायद्वारा व्यवस्थित भएका विद्यालय | | | समुदायद्वारा व्यवस्थित नभएका विद्यालय | | |
|---|---|---|---|---|---|
| क. स. | नाम | औसत सि.उ. | क. स. | नाम | औसत सि.उ. |
| १ | सामाजिक निमावि | ४० | १ | जनसेवा उमावि | ३९.३ |
| २ | दुर्गा मावि | ३६ | २ | जनता निमावि | ३७.२ |
| ३ | चन्द्रकिरातेश्वर मावि | ४२ | ३ | सूर्योदय प्रावि | ४०.३ |
| | जम्मा | ११८ | | जम्मा | ११६.८ |
| | औसत | ३९.३३ | | औसत | ३८.९३ |

स्रोत : विद्यालयको विद्यालय सुधार योजना ।

माथिको तालिकामा समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयको प्राथमिक तहको औसत सिकाइउपलब्धि देखाइएको छ । समुदायद्वारा व्यवस्थित भएको सामाजिक निमाविको ४०, दुर्गा माविको ३६ र चन्द्रकिरातेश्वर माविको ४२ औसत सिकाइ उपलब्धि देखिन्छ । यस अनुसार समुदायद्वारा व्यवस्थित भएका सामुदायिक विद्यालयको प्राथमिक तहको औसत सिकाइउपलब्धि ३९.३३ देखिन्छ । त्यसै गरी समुदायद्वारा व्यवस्थित नभएको जनसेवा उमाविको ३९.३, जनता निमाविको ३७.२ र सूर्योदय प्राविको ४०.३ औसत सिकाइउपलब्धि देखिन्छ । यस अनुसार समुदायद्वारा व्यवस्थित नभएका सामुदायिक विद्यालयको प्राथमिक तहको औसत सिकाइउपलब्धि ३८.९३ रहेको देखिन्छ । यसप्रकार समुदायद्वारा व्यवस्थित नभएका विद्यालयको भन्दा समुदायद्वारा व्यवस्थित भएका विद्यालयको औसत सिकाइउपलब्धि केही राम्रो देखिन्छ ।

४.१.५. विद्यार्थीको कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दर

नमुना छनोटमा परेका समुदायमा हस्तान्तरण भएका र नभएका सामुदायकि विद्यालयहरुको तुलनात्मक अध्ययन गर्ने सिलसिलामा नमुना छनोटमा परेका विद्यालयहरुमा विद्यार्थीको कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दरलाई समेत अध्ययन गरिएको थियो । समुदायमा हस्तान्तरण भएका ३ वटा र समुदायमा हस्तान्तरण नभएका ३ वटा सामुदायिक विद्यालयहरुको अध्ययनबाट प्राप्त तथ्याङ्कलाई निम्नअनुसार तालिकामा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ ।

तालिका ५ : विद्यार्थीको कक्षा छाड्ने र दोहोऱ्याउने दर-२०६८

| समुदायद्वारा व्यवस्थित भएका विद्यालय | | | | समुदायद्वारा व्यवस्थित नभएका विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|
| क्र स | नाम | दर | | क्र स | नाम | दर | |
| | | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने | | | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने |
| १ | सामाजिक निमावि | ९ | १० | १ | जनसेवा उमावि | १५ | १४ |
| २ | दुर्गा मावि | ११ | १० | २ | जनता निमावि | १२ | १० |
| ३ | चन्द्रकिरातेश्वर मावि | १० | ८ | ३ | सूर्योदय प्रावि | १३ | ११ |
| | जम्मा | ३० | २८ | | जम्मा | ४० | ३५ |
| | औसत | १० | ९.३३ | | औसत | १३.३३ | ११.६६ |

स्रोत : विद्यालयको विद्यार्थी अभिलेख ।

प्रस्तुत तालिकामा समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयमा शैक्षिक सत्र २०६८ को एक शैक्षिक सत्रमा कक्षा छाड्ने र दोहोऱ्याउने दरलाई देखाइएको छ ।

तालिकाअनुसार समुदायद्वारा व्यवस्थित सामाजिक निमाविमा कक्षा छाड्ने ९ र दोहोऱ्याउने १०; दुर्गा माविमा कक्षा छाड्ने ११ र कक्षा दोहोऱ्याउने १० तथा चन्द्रकिरातेश्वर माविमा कक्षा छाड्ने १० र कक्षा दोहोऱ्याउने ८ विद्यार्थी रहेका छन् । समुदायद्वारा व्यवस्थित विद्यालयको कक्षा छाड्ने औसत दर १०% र कक्षा दोहोऱ्याउने औसत दर ९.३३% रहेको देखिन्छ । त्यस्तै समुदायद्वारा व्यवस्थित नभएका जनसेवा उमाविमा कक्षा छाड्ने १५ र कक्षा दोहोऱ्याउने १४, जनता निमाविमा कक्षा छाड्ने १२ र कक्षा दोहोऱ्याउने १० तथा सूर्योदय प्राविमा कक्षा छाड्ने १३ र कक्षा दोहोऱ्याउने ११ विद्यार्थी रहेको देखिन्छ । समुदायद्वारा व्यवस्थित नभएका विद्यालयमा औसत रूपमा कक्षा छाड्ने दर १३.३३% र कक्षा दोहोऱ्याउने दर ११.६६% रहेको देखिन्छ । यसप्रकार समुदायद्वारा व्यवस्थित भएका विद्यालयमा विद्यार्थीले कक्षा छाड्ने र दोहोऱ्याउने दर समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका तुलनामा कम देखिन्छ । समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका तुलनामा समुदायद्वारा व्यवस्थित भएका विद्यालयको विद्यार्थीले कक्षा छाड्ने र दोहोऱ्याउने दर कम देखिएको छ तर यो दरको फरक ज्यादै ठूलो भने देखिँदैन ।

### ४.१.६. कक्षामा शिक्षकले अध्यापन गराउने औसत समय

प्रस्तुत अनुसन्धानका लागि समुदायद्वारा व्यवस्थित भएका र नभएका दुवै किसिमका विद्यालयमा शिक्षकले कक्षामा अध्यापन गराउने औसत समयको अवलोकन र मूल्याङ्कन गरी

अभिभावकको सहभागिताको स्थिति पत्ता लगाउने प्रयास गरिएको थियो । दुवै किसिमका विद्यालयमा कक्षाकोठामा शिक्षकले अध्यापन गराउने औसत समय सम्बन्धी तथ्याङ्कलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ६ : कक्षा शिक्षकले अध्यापन गराउने औसत समय

| समुदायद्वारा व्यवस्थित भएका विद्यालय | | | समुदायद्वारा व्यवस्थित नभएका विद्यालय | | |
|---|---|---|---|---|---|
| क्र.स. | विद्यालय | शिक्षकले अध्यापन गराउने समय | क्र.स. | विद्यालय | शिक्षकले अध्यापन गराउने समय |
| १ | सामाजिक निमावि | ३२ मिनेट | १ | जनसेवा उमावि | ३० मिनेट |
| २ | दुर्गा मावि | ३१ मिनेट | २ | जनता निमावि | ३१ मिनेट |
| ३ | चन्द्रकिरातेश्वर मावि | ३३ मिनेट | ३ | सूर्योदय प्रावि | २८ मिनेट |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

प्रस्तुत तालिकामा समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयमा शैक्षिक सत्र २०६८ मा शिक्षकले कक्षामा अध्यापन गराउने समयलाई देखाइएको छ । तालिका अनुसार समुदायद्वारा व्यवस्थित भएको सामाजिक निमाविमा शिक्षकले प्रतिपिरियड ३२ मिनेट बिताउने गरेका छन् । यस्तो समयावधि दुर्गा माविमा ३१ मिनेट र चन्द्रकिरातेश्वर माविमा ३३ मिनेट रहेको छ । तीन वटै विद्यालयमा शिक्षकले प्रतिपिरियड औसत ३२ मिनेट कक्षाकोठामा अध्यापन कार्यमा बिताउने गरेका छन् । त्यस्तै समुदायद्वारा व्यवस्थित नभएको जनसेवा उमाविका शिक्षकले ४५ मिनेटको पिरियडमा औसत ३० मिनेट अध्यापन कार्यमा बिताउने गरेका छन् । यो दर जनता निमाविमा ३१ मिनेट र सूर्योदय प्राविमा २८ मिनेट रहेको छ । तीन वटै विद्यालयका शिक्षकले ४५ मिनेटको पिरियडमा औसत २९.७ मिनेट कक्षाकोठामा अध्यापन कार्यमा बिताउने गरेको देखिन्छ । यसबाट समुदायद्वारा व्यवस्थित नभएका विद्यालयको तुलनामा समुदायद्वारा व्यवस्थित भएका सामुदायिक विद्यालयका शिक्षकले प्रतिपिरियड औसत २ मिनेट बढी अध्यापन गराउने गरेको देखिन्छ ।

### ४.१.७. स्कुल सञ्चालन भएको जम्मा दिन र कक्षा ५ को अन्तिम परीक्षाको नतिजा

विद्यालय सञ्चालन भएको जम्मा दिन र कक्षा ५ को अन्तिम परीक्षाको नतिजाबाट पनि विद्यालयमा अभिभावकको सहभागिताको अवस्था निर्क्योल गर्न सकिने भएकाले नमुना छनोटमा परेका विद्यालयका त्यस्ता तथ्याङ्कहरू पनि सङ्कलन गरिएको थियो । उक्त तथ्याङ्कहरूलाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ७ : कक्षा सञ्चालन भएको जम्मा दिन र कक्षा ५ को अन्तिम परीक्षाको नतिजा

| समुदायद्वारा व्यवस्थित भएका विद्यालय | | | | समुदायद्वारा व्यवस्थित नभएका विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|
| क्र स | विद्यालयको नाम | कक्षा सञ्चालन भएको दिन | कक्षा ५ को नतिजा | क्र स | विद्यालयको नाम | कक्षा सञ्चालन भएको दिन | कक्षा ५ को नतिजा |
| १ | सामाजिक निमावि | १९३ | ९०% | १ | जनसेवा उमावि | १७७ | १००% |
| २ | दुर्गा मावि | १९१ | ९४% | २ | जनता निमावि | १९२ | ७३.८५% |
| ३ | चन्द्रकिरातेश्वर मावि | १७८ | ९३% | ३ | सूर्योदय प्रावि | १७९ | ७८% |
| | जम्मा | ५६२ | २७७% | | जम्मा | ५४८ | २५१.८५% |
| | औसत | १८७ | ९२.३३% | | औसत | १८२.६६ | ८३.६६% |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

माथिको तालिकामा समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयहरूमा शैक्षिक सत्र २०६८ मा कक्षा सञ्चालन भएको दिन र कक्षा ५ को अन्तिम परीक्षाको नतिजा प्रस्तुत गरिएको छ । तालिकाअनुसार समुदायद्वारा व्यवस्थित भएको सामाजिक निमाविमा वर्षभरिमा १९३ दिन कक्षा सञ्चालन भएको देखिन्छ । दुर्गा माविमा १९१ दिन र चन्द्रकिरातेश्वर माविमा १७८ दिन कक्षा सञ्चालन भएको देखिन्छ । त्यस्तै ती विद्यालयको कक्षा ५ को अन्तिम परीक्षामा क्रमशः ९०%, ९४% र ९३% विद्यार्थी सफल भएको पाइन्छ । यता समुदायद्वारा व्यवस्थित नभएको जनसेवा उमाविमा वर्षभरिमा १७३ दिन कक्षा सञ्चालन भएको देखिन्छ । यस्तो दर जनता निमाविमा १९२ र सूर्योदय प्राविमा १७९ दिन रहेको छ । ती विद्यालयको कक्षा ५ को अन्तिम परीक्षामा क्रमशः १००%, ७३.८५% र ७८% विद्यार्थी उत्तीर्ण भएको देखिन्छ । तथ्याङ्कअनुसार समुदायद्वारा व्यवस्थित नभएका सामुदायिक विद्यालयमा भन्दा समुदायद्वारा व्यवस्थित भएका सामुदायिक विद्यालयमा ४ दिन बढी कक्षा सञ्चालन भएको देखिन्छ । त्यस्तै समुदायद्वारा व्यवस्थित नभएका विद्यालयको तुलनामा समुदायद्वारा व्यवस्थित भएका विद्यालयको कक्षा ५ को अन्तिम परीक्षाको नतिजा पनि ८.६७% ले बढी देखिन्छ ।

## ४. २. विद्यालयको व्यवस्थापकीय प्रभावकारिताको तुलना

अनुसन्धानको सिलसिलामा समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको व्यवस्थापकीय प्रभावकारिता अध्ययन गर्न निम्न अनुसारका सूचकहरूलाई अपनाइएको छ :

४.२.१. प्राथमिक तह पूरा गर्ने दर र केटीहरूको खुद भर्ना प्रतिशत

नमुना छनोट गरिएका विद्यालयहरूको व्यवस्थापकीय प्रभावकारिता सम्बन्धी अध्ययन गर्न प्रत्येक विद्यालयको प्राथमिक तह पूरा गर्ने दर र केटीहरूको खुद भर्ना प्रतिशतको तथ्याङ्क सङ्कलन गरी विश्लेषण गर्ने काम गरिएको छ। उक्त तथ्याङ्कलाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ८ : प्राथमिक तह पूरा गर्ने दर र केटीहरूको खुद भर्ना प्रतिशत

<table>
<tr><th colspan="4">समुदायद्वारा व्यवस्थित नभएका विद्यालय</th><th colspan="4">समुदायद्वारा व्यवस्थित भएका विद्यालय</th></tr>
<tr><th rowspan="2">क्र स</th><th rowspan="2">नाम</th><th colspan="2">दर</th><th rowspan="2">क्र स</th><th rowspan="2">नाम</th><th colspan="2">दर</th></tr>
<tr><th>प्राथमिक तह पूरा गर्ने दर</th><th>केटीहरूको खुद भर्नादर</th><th>प्राथमिक तह पूरा गर्ने दर</th><th>केटीहरूको खुद भर्नादर</th></tr>
<tr><td>१</td><td>जनसेवा उमावि</td><td>२९%</td><td>९०%</td><td>१</td><td>सामाजिक निमावि</td><td>८५%</td><td>८०%</td></tr>
<tr><td>२</td><td>जनता निमावि</td><td>९०%</td><td>५१%</td><td>२</td><td>दुर्गा मावि</td><td>७५%</td><td>७०%</td></tr>
<tr><td>३</td><td>सूर्योदय प्रावि</td><td>६७%</td><td>६०%</td><td>३</td><td>चन्द्रकिरातेश्वर मावि</td><td>७०%</td><td>६५%</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१८६%</td><td>२०१%</td><td colspan="2">जम्मा</td><td>२३०%</td><td>२१५%</td></tr>
<tr><td colspan="2">औसत</td><td>६२%</td><td>६७%</td><td colspan="2">औसत</td><td>७६.६६%</td><td>७१.६६%</td></tr>
</table>

स्रोत : विद्यालय अभिलेखहरू, २०६८।

प्रस्तुत तालिकामा समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको प्राथमिक तह पूरा गर्ने दर र केटीहरूको खुद भर्ना प्रतिशतलाई देखाइएको छ। तालिका अनुसार समुदायद्वारा व्यवस्थित भएको सामाजिक निमाविका विद्यार्थीको प्राथमिक तह पूरा गर्ने दर ८५ रहेको छ। यो दर दुर्गा माविमा ७५ र चन्द्रकिरातेश्वर माविमा ७० रहेको देखिन्छ। त्यस्तै ती विद्यालयमा केटीहरूको खुद भर्नादर क्रमशः ८०%, ७०% र ६५% रहेको देखिन्छ। तीन वटै विद्यालयका विद्यार्थीको प्राथमिक तह पूरा गर्ने औसत दर ७६.६६% तथा केटीहरूको औसत खुद भर्नादर ७१.६६% देखिएको छ। यता समुदायद्वारा व्यवस्थित नभएको जनसेवा उमाविका विद्यार्थीको प्राथमिक तह पूरा गर्ने दर २९% मात्र रहेको छ। यो दर जनता निमाविमा ९०% र सूर्योदय प्राविमा ६७% रहेको छ। त्यस्तै ती विद्यालयमा केटीहरूको खुद भर्ना दर क्रमशः ९०%, ५१% र ६०% रहेको छ। समुदायद्वारा व्यवस्थित भएका तीन वटै विद्यालयका विद्यार्थीको प्राथमिक तह पूरा गर्ने औसत दर ७६.६६% रहेको देखिन्छ भने केटीहरूको खुद भर्ना दर ७१.६६% रहेको देखिन्छ।

समुदायद्वारा व्यवस्थित नभएका विद्यालयको दाँजोमा समुदायद्वारा व्यवस्थित भएका सामुदायिक विद्यालयको प्राथमिक तह पूरा गर्ने र केटीहरूको खुद भर्ना दर दुवै उच्च रहेको देखिन्छ।

### ४.२.२. शिक्षक बैठक र अतिरिक्त क्रियाकलाप

नमुना छनोटमा परेका समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयको व्यवस्थापकीय प्रभावकारिताको तुलनात्मक अध्ययन गर्न शिक्षक बैठक र अतिरिक्त क्रियाकलाप सम्बन्धी तथ्यहरू सङ्कलन गरिएको थियो । सङ्कलित तथ्यहरूलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ९ : शिक्षक बैठक र अतिरिक्त क्रियाकलाप

| समुदायद्वारा व्यवस्थित नभएका विद्यालय | | | | समुदायद्वारा व्यवस्थित भएका विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|
| क्र स | विद्यालय | पटक | | क्र स | विद्यालय | पटक | |
| | | शिक्षक बैठक | अतिरिक्त क्रियाकलाप | | | शिक्षक बैठक | अतिरिक्त क्रियाकलाप |
| १ | जनसेवा उमावि | ८ पटक | ७ पटक | १ | सामाजिक निमावि | ९ पटक | ७ पटक |
| २ | जनता निमावि | ६ पटक | ५ पटक | २ | दुर्गा मावि | ११ पटक | ५ पटक |
| ३ | सूर्योदय प्रावि | ७ पटक | ३ पटक | ३ | चन्द्रकिरातेश्वर मावि | ७ पटक | ३ पटक |
| | जम्मा | २१ पटक | १५ पटक | | जम्मा | २७ पटक | १५ पटक |
| | औसत | ७ पटक | ५ पटक | | औसत | ९ पटक | ५ पटक |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

माथिको तालिकामा समुदायद्वारा व्यवस्थित भएका र नभएका दुवै किसिमका विद्यालयमा शैक्षिक सत्र २०६८ मा शिक्षक बैठक र अतिरिक्त क्रियाकलाप सम्पन्न भएको पटक प्रस्तुत गरिएको छ। तालिका अनुसार समुदायद्वारा व्यवस्थित भएको सामाजिक निमाविमा एक शैक्षिक सत्रभरिमा ९ पटक शिक्षक बैठक बसेको देखिन्छ। यो दर दुर्गा मावि र चन्द्रकिरातेश्वर माविमा क्रमश: ११ र ७ रहेको छ। तीन वटै विद्यालयमा वर्षभरिमा औसत ९ पटक शिक्षक बैठक बसेको पाइन्छ। त्यस्तै ती विद्यालयमा वर्षभरिमा अतिरिक्त क्रियाकलाप सञ्चालन भएको दिन क्रमश: ७, ५ र ३ रहेको देखिन्छ। तीन वटै विद्यालयमा वर्षभरि भएको अतिरिक्त क्रियाकलापको औसत दिन ५ रहेको पाइन्छ।

समुदायद्वारा व्यवस्थित नभएको जनसेवा उमाविमा शैक्षिक सत्र २०६८ मा जम्मा ८ पटक शिक्षक बैठक बसेको देखिन्छ। यो दर जनता निमावि र सूर्योदय प्राविमा क्रमश: ६ र ७ रहेको पाइन्छ। तीन वटै विद्यालयमा औसत ७ पटक शिक्षक बैठक बसेको देखिन्छ। उता समुदायद्वारा व्यवस्थित नभएका विद्यालयमा वर्षभरिमा अतिरिक्त क्रियाकलाप भएको दिन जनसेवा उमाविमा ७ दिन, जनता निमाविमा ५ दिन र सूर्योदय प्राविमा ३ दिन रहेको देखिन्छ। यी तीनै विद्यालयमा औसत ५ दिन अतिरिक्त क्रियाकलाप भएको पाइन्छ।

उपर्युक्त तथ्याङ्कलाई विश्लेषण गर्दा समुदायद्वारा व्यवस्थित भएका र नभएका दुवै किसिमका विद्यालयमा समान दिन अतिरिक्त क्रियाकलाप सञ्चालन भएको देखिन्छ। तर शिक्षक बैठकका सवालमा समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका तुलनामा समुदायद्वारा व्यवस्थित भएका विद्यालय वार्षिक औसत २ पटक बढी देखिन्छ।

### ४.२.३. कक्षाकोठा सङ्ख्या र विद्यार्थी अनुपात

कक्षाकोठा सङ्ख्या र विद्यार्थी अनुपातबाट पनि समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयको व्यवस्थापकीय प्रभावकारिताको तुलनात्मक अध्ययन गर्न सकिने ध्येयले नमुना छनोट गरिएका विद्यालयका कक्षाकोठा सङ्ख्या र विद्यार्थी अनुपात सम्बन्धी तथ्यहरू सङ्कलन गरिएको थियो। ती तथ्यहरूलाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १० : कक्षाकोठा र विद्यार्थीको अनुपात

| समुदायद्वारा व्यवस्थित भएका विद्यालय | | | | समुदायद्वारा व्यवस्थित नभएका विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|
| क्र स | विद्यालय | अनुपात र सङ्ख्या | | क्र स | विद्यालय | अनुपात र सङ्ख्या | |
| | | विद्यार्थीको अनुपात | कक्षाकोठा | | | विद्यार्थीको अनुपात | कक्षाकोठा |
| १ | सामाजिक निमावि | ५५ | ८ | १ | जनसेवा उमावि | ५४ | ३० |
| २ | दुर्गा मावि | ५६ | १३ | २ | जनता निमावि | ५२ | २१ |
| ३ | चन्द्रकिरातेश्वर मावि | ६२ | १५ | ३ | सूर्योदय प्रावि | ५० | ६ |
| | जम्मा | १७३ | ३६ | | जम्मा | १५६ | ५७ |
| | औसत | ५८ | १२ | | औसत | ५२ | १९ |

स्रोत : स्थलगत अध्ययन, २०६८।

प्रस्तुत तालिकामा समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयको कक्षाकोठा सङ्ख्या र विद्यार्थी अनुपातलाई देखाइएको छ। तालिका अनुसार समुदायद्वारा व्यवस्थित भएको सामाजिक निमाविमा कक्षाकोठाको सङ्ख्या ९ रहेको देखिन्छ। त्यस्तै दुर्गा माविमा १३ र चन्द्रकिरातेश्वर माविमा १५ वटा कक्षाकोठा रहेका छन्। यस अनुसार समुदायद्वारा व्यवस्थित भएका प्रतिविद्यालय औसत कक्षाकोठा सङ्ख्या १२ रहेको देखिन्छ। उता समुदायद्वारा व्यवस्थित नभएका जनसेवा उमाविमा कक्षाकोठाको सङ्ख्या ३० रहेको देखिन्छ। त्यस्तै जनता निमाविमा २१ र सूर्योदय प्राविमा ६ वटा कक्षाकोठा रहेका छन्। यस अनुसार समुदायद्वारा व्यवस्थित नभएका विद्यालयमा प्रतिविद्यालय औसत कक्षाकोठा सङ्ख्या १९ रहेको देखिन्छ। यसप्रकार समुदायद्वारा व्यवस्थित विद्यालयका तुलनामा समुदायद्वारा व्यवस्थित नभएका विद्यालयमा कक्षाकोठा सङ्ख्या बढी देखिन्छ।

अर्कोतिर समुदायद्वारा व्यवस्थित सामाजिक निमाविमा प्रतिकक्षा औसत ५५ जना, दुर्गा माविमा प्रतिकक्षा औसत ५६ र चन्द्रकिरातेश्वर माविमा प्रतिकक्षा औसत ६२ जना विद्यार्थी रहेको तथ्याङ्कले देखाउँछ । यस अनुसार समुदायद्वारा व्यवस्थित विद्यालयहरूमा प्रतिकक्षा औसत ५८ विद्यार्थी रहेका छन् । समुदायद्वारा व्यवस्थित नभएको जनसेवा उमाविमा प्रतिकक्षा औसत ५४ जना, जनता निमाविमा प्रतिकक्षा औसत ५२ जना र सूर्योदय प्राविमा प्रतिकक्षा औसत ५० जना विद्यार्थी रहेको देखिन्छ । यस अनुसार समुदायद्वारा व्यवस्थित नभएका विद्यालयहरूमा प्रतिकक्षा औसत ५२ जना विद्यार्थी रहेका छन् । यसप्रकार समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका तुलनामा समुदायद्वारा व्यवस्थित विद्यालयमा प्रतिकक्षा औसत विद्यार्थी सङ्ख्या बढी देखिन्छ ।

### ४.२.४. भौतिक सामग्रीको विवरण

विद्यालयको व्यवस्थापकीय प्रभावकारिताको स्थितिलाई भौतिक सामग्रीहरूले पनि प्रभाव पारेका हुन्छन् । भौतिक सामग्रीहरूको पर्याप्तताले व्यवस्थापकीय प्रभावकारितामा समेत सकारात्मक प्रभाव पार्दछ । यसै कारण प्रस्तुत अनुसन्धानका लागि समुदायद्वारा व्यवस्थित भएका र नभएका दुवै किसिमका विद्यालयहरूमा रहेका भौतिक सामग्रीहरू सम्बन्धी तथ्याङ्क पनि सङ्कलन गरिएको थियो । अनुसन्धानका क्रममा सङ्कलित उक्त ती तथ्याङ्कलाई निम्न अनुसार अलग अलग तालिकामा राखी त्यसको व्याख्या र विश्लेषण गरिएको छ ।

तालिका ११ : समुदायद्वारा व्यवस्थित विद्यालयको भौतिक वस्तुको विवरण

| विद्यालयको नाम | जग्गा (कट्ठा) | कोठा | धारा | चर्पी | फर्निचर | खेल र शै.सा. | पुस्तक | अन्य औजार |
|---|---|---|---|---|---|---|---|---|
| सामाजिक निमावि | १० | ८ | ३ | ६ | २५० | ३०० | १२० | १२ |
| दुर्गा मावि | १४ | १३ | ३ | ८ | ३९५ | ४३५ | २३१ | १५ |
| चन्द्रकिरातेश्वर मावि | १२ | १५ | ३ | ७ | ३०० | ४०० | २१५ | १५ |
| जम्मा | ३६ | ३६ | ९ | २१ | ९४५ | ११३५ | ५६६ | ४२ |
| औसत | १२ | १२ | ३ | ७ | ३१५ | ३८७ | १८८ | १४ |

समुदायद्वारा व्यवस्थित नभएका विद्यालयको भौतिक वस्तुको विवरण :

| विद्यालयको नाम | जग्गा (कट्ठा) | कोठा | धारा | चर्पी | फर्निचर | खेल र शै.सा. | पुस्तक | अन्य औजार |
|---|---|---|---|---|---|---|---|---|
| जनता निमावि | ४० | २१ | ६ | १२ | ५१० | ६०० | ४५० | ३० |
| जनसेवा उमावि | ८० | ३० | १० | १६ | ८०० | ७५० | ६०० | ५० |
| सूर्योदय प्रावि | ५ | ६ | २ | ५ | २०० | ३०० | १०० | १० |
| जम्मा | १२५ | ५७ | १८ | ३३ | १५१० | १६५० | ११५० | ९० |
| औसत | ४१ | १९ | ६ | ११ | ५०३ | ५५० | ३८३ | ३० |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

उपर्युक्त तालिकाहरूमा समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयहरूको जग्गा, कोठा, धारा, चर्पी, फर्निचर, खेल तथा शैक्षिक सामग्री, पुस्तक र अन्य औजारहरूको विवरण प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्क अनुसार समुदायद्वारा व्यवस्थित विद्यालयहरूको औसत १२ कट्ठा जग्गा रहेको देखिन्छ भने समुदायद्वारा व्यवस्थित नभएका विद्यालयहरूको औसत ४१ कट्ठा जग्गा रहेको देखिन्छ । यो अनुपात कोठा सङ्ख्यामा १२ र १९, धारामा ३ र ६, फर्निचरमा ३१५ र ५०३, खेल तथा शैक्षिक सामग्रीमा ३७८ र ५५०, पुस्तकमा १८८ र ३८३ र अन्य औजारमा १४ र ३० रहेको छ ।

विद्यालयका भौतिक सामग्रीहरूको तुलनात्मक अध्ययन गर्दा समुदायद्वारा व्यवस्थित भएका विद्यालयहरूको दाँजोमा समुदायद्वारा व्यवस्थित नभएका विद्यालयहरू नै भौतिक सामग्रीमा धनी देखिएका छन् ।

४.२.५. आय-व्यय विवरण

विद्यालयको आय र व्ययको विवरणबाट पनि विद्यालयको व्यवस्थापकीय प्रभावकारिताको स्थितिलाई तुलनात्मक अध्ययन गर्न सकिन्छ । आय-व्ययको विवरणले विद्यालयको व्यवस्थापकीय प्रभावकारितामा प्रभाव पारेको हुन्छ । बढी आम्दानी हुने विद्यालयहरूको व्यवस्थापकीय प्रभावकारिता कम आम्दानी हुने विद्यालयका तुलनामा स्वाभाविक रूपमै राम्रो हुनसक्दछ । यसैकारण प्रस्तुत अनुसन्धानका लागि नमुना छनोटमा परेका विद्यालयहरूको शैक्षिक सत्र २०६८ को आय-व्यय विवरण सङ्कलन गरिएको थियो । सङ्कलित आय-व्यय विवरणलाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १२ : आय-व्यय विवरण

| क्र. स. | समुदायद्वारा व्यवस्थित भएका विद्यालय | आय (रूपैयाँमा) | व्यय (रूपैयाँमा) | बचत (रूपैयाँमा) |
|---|---|---|---|---|
| १ | सामाजिक निमावि | २७,५०,३०२।- | २४,२०,९०५।५० | ३,२९,४१४।५० |
| २ | दुर्गा मावि | ३७,७३,१५५।९४ | २८,९२,९०३।५० | ८,८०,२५२।४० |
| ३ | चन्द्रकिरातेश्वर मावि | २५,९०,५१९।- | २४,८०,५०२।२० | १,१०,०१६।८० |
| | जम्मा | ९१,१३,९७६।९४ | ७७,९४,३११।२० | १३,१९,६८३।७० |
| | औसत | ३०,३७,९९२।३० | २५,९८,१०३।७० | ४,३९,८९४।५६ |
| क्र. स. | समुदायद्वारा व्यवस्थित नभएका विद्यालय | आय (रूपैयाँमा) | व्यय (रूपैयाँमा) | बचत (रूपैयाँमा) |
| १ | जनसेवा उमावि | ५१,०२,४६२।- | ४९,९४,२६७।- | १०,०८,१९५।- |
| २ | जनता निमावि | ३७,८०,०००।- | ३५,५०,६५०।- | २,२९,३५०।- |
| ३ | सूर्योदय प्रावि | १९,०४,८४८।- | १७,००,००२।- | २,०४,८४६।- |
| | जम्मा | १,०७,८७,३१०।- | १,०२,४४,९१९।- | १४,४२,३९१।- |
| | औसत | ३५,९५,७७०।- | ३४,१४,९३७।- | ४,८०,७९७।- |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

प्रस्तुत तालिकामा समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयहरूको शैक्षिक सत्र २०६८ को आय, व्यय र बचत विवरण उल्लेख गरिएको छ । तालिका अनुसार समुदायद्वारा व्यवस्थित भएको सामाजिक निमाविको वार्षिक आय रु. २७,५०,३०२।- रहेको देखिन्छ । उक्त विद्यालयको वार्षिक व्यय रु. २४,२०,९०५।५० भएको छ भने वार्षिक वचत रु. ३,२९,४१४।५० देखिन्छ । दुर्गा माविको वार्षिक आय रु. ३७,७३,१५५।९४ देखिन्छ । उक्त विद्यालयको वार्षिक व्यय रु. २८,९२,९०३।५० भई रु. ८,८०,२५२।४० बचत रहेको छ । चन्द्रकिरातेश्वर माविको वार्षिक आय रु. २५,९०,५१९।- रहेको छ । उक्त विद्यालयको सालभरिको व्यय रु. २४,८०,५०२।८० छ भने रु. १,१०,०१६।८० बचत रहेको छ । समुदाय द्वारा व्यवस्थित तीन वटै विद्यालयको औसत आय रु. ३०,३७,९२२।३०, औसत व्यय रु. २५,९८,१०३।७० र औसत बचत रु. ४,३९,८९४।५६ देखिन्छ ।

त्यस्तै व्यवस्थित नभएको जनसेवा उमाविको शैक्षिक सत्र २०६८ को वार्षिक आय रु. ५१,०२,४६२।- देखिन्छ । उक्त विद्यालयको उक्त वर्षको वार्षिक व्यय रु. ४९,९४,२६७।- र बचत रु. १०,०८,१९५।- देखिन्छ । जनता निमाविको वार्षिक आय रु. ३७,८०,०००।- र वार्षिक व्यय रु. ३५,५०,६५०।- रहेको देखिन्छ भने उक्त विद्यालयको वार्षिक बचत रकम रु. २,२९,३५०।- रहेको देखिन्छ । समुदायद्वारा व्यवस्थित नभएको सूर्योदय प्राविको वार्षिक आय रु. १९,०४,८४८।- रहेको छ भने उक्त विद्यालयले वर्षभरिमा रु. १७,००,००२।- खर्च गरी बचत रु. २,०४,८४६ जम्मा क्रमशः आय

रु. १,०७,८७,३१०।- व्यय रु. १,०२,४४,९१९।- रु. १४,४२,३९१।- बचत गरेको छ । यसरी हेर्दा समुदायद्वारा व्यवस्थित नभएका विद्यालयहरूको वार्षिक औसत आय रु. ३५,९५,७७०।- रहेको देखिन्छ । त्यसै गरी ती विद्यालयको वार्षिक व्यय रु. ३४,१४,९३७- रहेको छ भने वार्षिक बचत रु. ४,८०,७९७- देखिन्छ । यो तथ्याङ्कले समुदायद्वारा व्यवस्थित भएका विद्यालयको दाँजोमा समुदायद्वारा व्यवस्थित नभएका सामुदायिक विद्यालयको वार्षिक आय, व्यय र बचत रकम उच्च रहेको देखाउँछ ।

४.२.६. प्रतिविद्यार्थी कक्षाकोठाको क्षेत्रफल

नमुना छनोटमा परेका विद्यालयमा एक विद्यार्थीले उपयोग गरेको कक्षाकोठाको क्षेत्रफलको तथ्याङ्क लिई समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयको व्यवस्थापकीय प्रभावकारिताको तुलनात्मक अध्ययन गर्न आवश्यक सूचना सङ्कलन गरिएको थियो । उक्त सूचनाहरूलाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १३ : प्रतिविद्यार्थी कक्षाकोठाको क्षेत्रफल

| समुदायद्वारा व्यवस्थित भएका विद्यालय | | | समुदायद्वारा व्यवस्थित नभएका विद्यालय | | |
|---|---|---|---|---|---|
| विद्यालय | | प्रतिविद्यार्थी क्षेत्रफल | विद्यालय | | प्रतिविद्यार्थी क्षेत्रफल |
| १ | सामाजिक निमावि | ६ वर्गफिट | १ | जनसेवा उमावि | ७.५ वर्गफिट |
| २ | दुर्गा मावि | ६ वर्गफिट | २ | जनता निमावि | ७.५ वर्गफिट |
| ३ | चन्द्रकिरातेश्वर मावि | ६ वर्गफिट | ३ | सूर्योदय प्रावि | ६ वर्गफिट |
| | जम्मा | १८ वर्गफिट | | जम्मा | २१ वर्गफिट |
| | औसत | ६ वर्गफिट | | औसत | ७ वर्गफिट |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

तालिकामा समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयमा एक विद्यार्थीले कक्षाकोठामा ओगटेको क्षेत्रफललाई देखाएको छ । तालिकाअनुसार समुदायद्वारा व्यवस्थित भएका तीन वटै विद्यालयमा औसतमा ६ वर्गफिट देखिएको छ । समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका हकमा भने प्रतिविद्यार्थी जनसेवा उमावि र जनता निमाविमा ७.५ वर्गफिट तथा सूर्योदय प्राविमा ६ वर्गफिट क्षेत्रफल देखिएको छ । यस्ता विद्यालयमा प्रतिविद्यार्थी कक्षाकोठाको क्षेत्रफल औसत ७ वर्गफिट देखिएको छ ।

तुलनात्मक विश्लेषण गर्दा समुदायद्वारा व्यवस्थित भएका विद्यालयमा भन्दा नभएका विद्यालयको कक्षाकोठामा प्रतिविद्यार्थीले ओगटेको क्षेत्रफल १ वर्गफिट बढी देखिएको छ । यसबाट प्रतिविद्यार्थी कक्षाकोठाको क्षेत्रफल समुदायद्वारा व्यवस्थित भएका विद्यालयमा भन्दा समुदायद्वारा व्यवस्थित नभएका विद्यालयको बढी रहेको देखिन्छ ।

## ४. ३. विद्यालयहरू समुदायद्वारा व्यवस्थित हुन र नहुनका कारणहरू

सामुदायिक विद्यालयहरू समुदायद्वारा व्यवस्थित हुनु र नहुनुका कारणहरू पत्ता लगाउनु प्रस्तुत अनुसन्धानको एक उद्देश्य हो । अनुसन्धानका क्रममा सामुदायिक विद्यालयहरू समुदायद्वारा व्यवस्थित हुन र नहुनुका कारणहरू पत्ता लगाउनका निम्न अनुसारका सूचकहरूलाई प्रयोग गरिएको छ :

### ४.३.१. प्रतिविद्यार्थीका लागि खेलमैदान

समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको व्यवस्थापकीय प्रभावकारिताको तुलनात्मक अध्ययन गर्न छनोटमा परेका सामुदायिक विद्यालयको शैक्षिक सत्र २०६८ को प्रतिविद्यार्थी खेलमैदानको अध्ययन गरिएको थियो । सङ्कलित तथ्याङ्कलाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १४ : प्रतिविद्यार्थीको लागि खेलमैदान

| समुदायद्वारा व्यवस्थित नभएका विद्यालय | | | समुदायद्वारा व्यवस्थित भएका विद्यालय | | |
|---|---|---|---|---|---|
| क्र.स. | नाम | प्रतिविद्यार्थी खेलमैदान | क्र.स. | नाम | प्रतिविद्यार्थी खेलमैदान |
| १ | जनसेवा उमावि | १.४७ वर्गफिट | १ | सामाजिक निमावि | १.५ वर्गफिट |
| २ | जनता निमावि | १.२७ वर्गफिट | २ | दुर्गा मावि | १.३९ वर्गफिट |
| ३ | सूर्योदय प्रावि | १.४२ वर्गफिट | ३ | चन्द्रकिरातेश्वर मावि | १.६७ वर्गफिट |
| | जम्मा | ४.१६ वर्गफिट | | जम्मा | ४.५६ वर्गफिट |
| | औसत | १.३८ वर्गफिट | | औसत | १.५ वर्गफिट |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

प्रस्तुत तालिकामा समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको प्रतिविद्यार्थी खेलमैदानको अवस्था देखाइएको छ । तालिकाअनुसार समुदायद्वारा व्यवस्थित भएका सामाजिक निमाविको प्रतिविद्यार्थी खेलमैदानको क्षेत्रफल १.५, दुर्गा माविको १.३९ र चन्द्रकिरातेश्वर माविको १.६७ वर्गफिट रहेको देखिन्छ । ती विद्यालयका प्रतिविद्यार्थीले औसत १.५ वर्गफिट खेलमैदान उपभोग गर्न पाएका छन् । त्यस्तै समुदायद्वारा व्यवस्थित नभएका जनसेवा उमाविका विद्यार्थीले १.४७ वर्गफिट, जनता निमाविका विद्यार्थीले १.२७ वर्गफिट र सूर्योदय प्राविका विद्यार्थीले १.४२ वर्गफिट खेलमैदान उपभोग गरेका छन् । यस्ता विद्यालयका प्रतिविद्यार्थी खेलमैदान उपभोगको अवस्था औसतमा १.३८ वर्गफिट रहेको देखिन्छ । यस तथ्याङ्कले समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका तुलनामा समुदायद्वारा व्यवस्थित भएका विद्यालयका विद्यार्थीले प्रतिविद्यार्थी औसत ०.१२ वर्गफिट बढी खेलमैदान उपभोग गर्न पाएको देखाउँछ ।

४.३.२. स्रोतव्यक्तिका अभिव्यक्ति

समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको व्यवस्थापकीय प्रभावकारिताको तुलनात्मक अध्ययन गर्न नमुना छनोटमा परेका विद्यालयहरू सङ्गठित स्रोतकेन्द्रका स्रोतव्यक्तिबाट अनुसूचीमा उल्लेख भएबमोजिमका प्रश्नावलीका आधारमा आवश्यक सूचनाहरू सङ्कलन गरिएको थियो । उक्त प्रश्नावलीका आधारमा स्रोतव्यक्तिबाट प्राप्त जबाफलाई निम्नअनुसार उल्लेख गरिएको छ :

> विद्यालय व्यवस्थापन समुदायमा हस्तान्तरित हुँदा सम्बन्धित विद्यालयका विद्यालय व्यवस्थापन समितिले बढी अधिकार प्राप्त गर्न सकेका छन् । विद्यालयले राज्यबाट थप आर्थिक, भौतिक तथा प्राविधिक सहयोग पाएका छन् । समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका तुलनामा समुदायद्वारा व्यवस्थित विद्यालयले बढी राहत अनुदान कोटा प्राप्त गर्न सकेको देखिन्छ । अर्कातिर समुदायद्वारा व्यवस्थित विद्यालयहरूले प्राप्त अधिकारलाई सही तरिकाले प्रयोग गर्न सकेका छैनन् । शिक्षकहरूको पेसागत ग्यारेन्टी गुमेको छ । विद्यालय व्यवस्थापन समितिको कार्यकुशलतामा अपेक्षित वृद्धि हुन सकेको छैन । सहजै राहत शिक्षक कोटा र तीन लाखसम्म एकमुष्ट अनुदान पाउने प्रलोभनले विद्यालयहरू समुदायमा हस्तान्तरित हुन लालयित भएको जस्तो देखिन्छ ।

स्रोतव्यक्तिबाट समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका सबल र दुर्बल पक्षहरू सम्बन्धमा पनि जबाफ प्राप्त भएको थियो । उक्त जबाफलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

> समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई पनि नियमानुसार काम गर्ने प्रशस्त अधिकार प्राप्त छ । राज्यबाट विद्यालयले आर्थिक र भौतिक सहयोग प्राप्त गरेका छन् । राहत अनुदान कोटा प्राप्त गरेकै छन् । शिक्षक, वि.व्य.स. पदाधिकारीहरूको पहुँच माथिल्ला निकायहरूसम्म पुग्न सकेको छ । समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका दुर्बल पक्ष पनि उत्तिकै छन् । नियमानुसार मात्र काम गर्नाले समाजमा सानातिना कामहरूको व्यावहारिक निर्णय गर्न कठिन हुन थालेको छ । विद्यालयलाई प्राप्त राहत अनुदान कोटामा नियमानुसार शिक्षक नियुक्त गर्न असम्भव हुँदै गएको छ । विद्यालयमा आर्थिक समस्या टार्न सरकारमा भर पर्नुपर्ने अवस्था छ । विद्यालय व्यवस्थापन समिति चयनमा राजनीतिक हस्तक्षेप हुनाले विद्यालय सञ्चालनमा केही कठिनाईहरू पनि हुन थालेका छन् ।

स्रोतव्यक्तिका जबाफमा समुदायद्वारा व्यवस्थित भएका र नभएका दुवै किसिमका सामुदायिक विद्यालयका सबल र दुर्बल पक्षहरू उल्लेख भएका छन् । दुवै किसिमका विद्यालयका सबल र दुर्बल पक्ष रहेका छन् ।

४.३.३. प्रधानाध्यापकका भनाइहरू

समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयका बीचमा व्यवस्थापकीय प्रभावकारिताको तुलनात्मक अध्ययन गर्न नमुना छनोटमा परेका विद्यालयको अध्ययन गर्न

अनुसूची- २ र ३ अनुसारका प्रश्नावलीका आधारमा प्रधानाध्यापकहरूबाट समेत तथ्याङ्क सङ्कलन गरिएको थियो । प्रधानाध्यापकहरूबाट प्राप्त विवरणलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

> समुदायद्वारा व्यवस्थित भएका विद्यालयले विद्यालय सञ्चालनमा बढी स्वतन्त्रता प्राप्त गरेका छन् । समुदायसँगको सम्बन्ध घनिष्ट बनाउँदै लगेका छन् । आर्थिक कारोबार पारदर्शी हुन थालेको छ । एकमुष्ट अनुदान र राहत कोटा प्राप्त गर्न सहज भएको छ । विद्यालयप्रति समुदायको चासो बढेको छ । विद्यालयको व्यवस्थापन समुदायद्वारा व्यवस्थित हुँदाका बेफाइदा पनि छन् । विद्यालय व्यवस्थापनका सम्पूर्ण जिम्मेवारी लिन समुदाय सक्षम भइसकेको देखिएन । विद्यालयमा कहिलेकाहीँ अनावश्यक राजनीतिक प्रोपगण्डा फैलिने गरेको छ । प्रधानाध्यापकका कार्यमा विद्यालय व्यवस्थापन समितिले हस्तक्षेप गर्न थालेको छ । एकमुष्ट अनुदानले विद्यालयलाई तत्काल आर्थिक गर्जो टरे पनि दीर्घकालीन रूपमा प्यारालाइसिस बनाउने लक्षण देखिन थालेको छ ।

समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका प्रधानाध्यापकहरूद्वारा व्यक्त सबल र दुर्बल पक्षहरूलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

> समुदायद्वारा व्यवस्थित नभएका विद्यालयक थुप्रै सबल पक्ष छन् । समाजका लब्ध प्रतिष्ठित र शिक्षाप्रेमी व्यक्तिहरूले विद्यालयको नेतृत्व गरेका छन् । विद्यालयको शैक्षिक प्रगति सुधार हुँदै गएको छ । आर्थिक कारोबार पारदर्शी भएको छ । विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दी तथा राहत अनुदान कोटा सहजै प्राप्त हरने गरेको छ । प्रधानाध्यापकले नियमानुसार स्वतन्त्र भई काम गर्ने प्रशस्त अवसर पाएका छन् । समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका दुर्बल पक्ष पनि उत्तिकै रहेका छन् । ससाना व्यवस्थापकीय कामको निर्णय लिन पनि नियमअनुसारको आधार लिनुपर्ने बाध्यता छ । राजनीतिक दबाब बढ्न थालेको छ । विद्यालय व्यवस्थापन समितिले अपेक्षित काम गर्न सकेको छैन ।

उपर्युक्त भनाइहरूले समुदायद्वारा व्यवस्थित भएका र नभएका दुवै किसिमका विद्यालयका सबल र दुर्बल पक्षहरू प्रधानाध्यापकमार्फत उजागर गरेका छन् । दुवै प्रकारका विद्यालयका केही सबल र केही दुर्बल पक्ष रहेको देखिन्छ ।

४.३.४. वि.व्य.स. अध्यक्षका भनाइहरू

समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयका बीच व्यवस्थापकीय प्रभावकारिताको तुलनात्मक अध्ययन गर्न अनुसूची-३ र ४ का आधारमा सम्बन्धित विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूका भनाइहरू पनि सङ्कलन गरिएको थियो । त्यहाँबाट प्राप्त जानकारीलाई निम्नअनुसार उल्लेख गरिएको छ :

समुदायद्वारा व्यवस्थित भएका विद्यालयका वि.व्य.स. अध्यक्षका भनाइ :

<u>रीता गिरी, दुर्गा मावि</u>

> विद्यालयका विविध कार्यमा समुदायको संलग्नता बढेर गएको छ । आर्थिक क्रियाकलाप पारदर्शी रूपमा पाइने गरेको छ । विद्यार्थी भर्ना अभियानमा समुदाय बढी सक्रिय रहेको छ ।

विद्यालयले पूर्ण रूपमा स्वायत्तता पाएको छैन । समुदायले विद्यालयप्रति कम चासो राख्ने गरेको छ । स्थानीय स्रोत र साधनको समेत सहज ढङ्गले सञ्चालन गर्न सकिएको छैन ।

समुदायद्वारा व्यवस्थित नभएका विद्यालय व्यवस्थापन समितिका अध्यक्षका भनाइ :

अबिन्द्र घिसिङ, जनसेवा उमावि

विद्यालय आधुनिक बन्दै गएको छ । प्राविधिक कार्यमा सकारात्मक परिवर्तन हुँदै आएको छ । सालिन्दा विद्यालयको सामाजिक परीक्षण हुने गरेको छ । अभिभावक भेला बोलाई आर्थिक कारोबार जनसमुदायमा प्रस्तुत गर्ने गरिएको छ । विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ । महत्वपूर्ण सबालहरूमा समुदायले विद्यालयका समस्या सरकारी निकायले हल गर्नुपर्ने मनसाय व्यक्त गरी जिम्मेवारीबाट पन्छिने प्रवृत्ति बढेको छ । स्थानीय तहमा भएका भौतिक वस्तुको प्रयोग विद्यालयले सरल तरिकाले प्रयोग गर्न सकेको छैन ।

माथिका भनाइहरूले समुदायद्वारा व्यवस्थित भएका र नभएका दुवै किसिमका सामुदायिक विद्यालयका वि.व्य.स. अध्यक्षका विचार प्रतिनिधित्व गरेका छन् । दुवै किसिमका विद्यालयमा उस्तै सबल र दुर्बल पक्षहरू देखिएका छन् ।

### ४.३.५. शिक्षकका धारणा

समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयका बीचमा व्यवस्थापकीय प्रभावकारिताको तुलनात्मक अध्ययन गर्न छनोटमा परेका विद्यालयका शिक्षकका भनाइहरूलाई अनुसूची ६ र ७ अनुसारका प्रश्नावलीका आधारमा सङ्कलन गरिएको थियो । प्रश्नावलीबाट प्राप्त जबाफका आधारमा दुवै किसिमका विद्यालयका सबल र दुर्बल पक्षहरूलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

समुदायद्वारा व्यवस्थित भएका विद्यालयका शिक्षकका धारणा :

महेन्द्र ढुङ्गाना, चन्द्रकिरातेश्वर मावि

शैक्षिक सामग्रीको व्यवस्थापन राम्रो छ । विद्यालयले सरकारी अनुदान र शिक्षक दरबन्दी पाएको छ । शिक्षक र विद्यार्थीका बीच राम्रो सम्बन्ध रहेको छ । समुदायमा हन्तान्तरित हुँदा गरिएको सम्झौतापत्र बमोजिम सरकारले सहयोग गरेको छैन । पहुँचका आधारमा सरकारी सुविधा लिनुपर्ने अवस्था सिर्जना भएको छ । शिक्षकका हक र सुविधामा शङ्का उठ्ने गरेको छ । जस्तासुकै समस्याका लागि समुदायमा भर पर्नुपर्ने स्थिति सिर्जना हुँदै गएको छ ।

समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका शिक्षकका धारण :

इन्द्र निरौला, सूर्योदय प्रावि

विद्यालयको व्यवस्थापकीय क्रियाकलाप नियमानुसार गर्न कसैको भर पर्नु नपर्ने सकारात्मक पक्ष छ । सरकारी अनुदान र शिक्षकले पाउने सुविधाको ग्यारेन्टी छ । शिक्षक, विद्यार्थी,

> व्यवस्थापन समिति र समुदायका बीच राम्रो सम्बन्ध रहेको छ। रिक्त शिक्षक दरबन्दी नियमानुसार पूर्ति गर्न कठिन हुन थालेको छ। सरकारी सुविधा प्राप्त गर्न सोर्स चाहिने र सामान्य कामका लागि पनि कानुन नियम मिलाउनुपर्ने झन्झट रहेको छ।

उपर्युक्त भनाइहरूले समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयका शिक्षकको भनाइमार्फत विद्यालयका सबल र दुर्बल पक्षलाई उजागर गरेको छ। दुवै किसिमका विद्यालयका सबल पक्ष र दुर्वल पक्ष उत्तिकै प्रबल रूपमा रहेको देखिन्छ।

४.३.६. विद्यार्थीका अभिव्यक्ति

समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको व्यवस्थापकीय प्रभावकारिताको तुलनात्मक अध्ययन गर्न अनुसूची-८ बमोजिमका प्रश्नावलीका आधारमा विद्यार्थीहरूका भनाइ पनि सङ्कलन गरिएको थियो। दुवै किसिमका विद्यालयका निम्न सबल तथा दुर्बल पक्षहरू प्राप्त भएका छन् :

समुदायद्वारा व्यवस्थित भएका विद्यालयका विद्यार्थीका भनाइ :

कुम्भकर्ण तुम्ब्रोक, सामाजिक निमावि

> शिक्षकहरूले शैक्षिक सामग्रीको प्रयोग गरी पढाउने गरेका छन्। अतिरिक्त क्रियाकलाप सञ्चालन हुने गरेका छन्। हरेक दिन विद्यालयमा राष्ट्रिय गान हुने गरेको छ। पर्याप्त मात्रामा खेलकुदका सामानको व्यवस्था हुन सकेको छैन। शौचालय र खानेपानीको समस्या छ। चमेना गृहको व्यवस्था छैन। विद्यार्थी आचारसंहिता बने पनि पालना हुन सकेको छैन। पुरानो शैलीको कालोपाटीको प्रयोग यथावत् छ।

समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका विद्यार्थीका भनाइ :

कीर्तिरमण भण्डारी, जनता निमावि

> शिक्षणमा आवश्यक शैक्षिक सामग्रीको प्रयोग हुने गरेको छ। शिक्षकले सकेसम्म विद्यार्थी केन्द्रित शिक्षण विधिको बढी प्रयोग गर्ने गरेका छन्। योजनाबद्ध किसिमले अतिरिक्त क्रियाकलाप हुने गरेका छन्। विद्यालयमा हरेक दिन राष्ट्रिय गान गाइने गरिएको छ। विद्यालयमा खानेपानी र शौचालयको अभाव छ। विद्यालयले चमेना गृहको व्यवस्था गर्न सकेको छैन।

उपर्युक्त भनाइहरूले समुदायद्वारा व्यवस्थित भएका र नभएका दुवै किसिमका सामुदायिक विद्यालयका सबल र दुर्बल पक्षहरूका बारेमा विद्यार्थीका विचार प्रतिबिम्बित गरेका छन्। लाई देखाएको। तुलनात्मक रूपले विश्लेषण गर्दा दुवै किसिमका विद्यालयहरूको व्यवस्थापकीय प्रभावकारिता उस्तैउस्तै देखिन्छ।

### ४.४. समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयका समस्या र समाधानका उपाय

अनुसन्धानको सन्दर्भमा समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयका समस्याहरू पत्ता लगाई तिनीहरूको समाधानका उपायहरू प्रस्तुत गर्न देहायका सूचकको प्रयोग गरिएको छ :

#### ४.४.१. विद्यालय सेवाक्षेत्रभित्रका अभिभावकका अभिव्यक्ति

समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको व्यवस्थापकीय प्रभावकारिताको तुलना गर्ने क्रममा छनोटमा परेका विद्यालयका सेवाक्षेत्रभित्रका अभिभावकहरूलाई अनुसूची-९ अनुसारका प्रश्नहरू सोधी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको थियो । उक्त प्रश्नावलीबाट सङ्कलित तथ्याङ्कलाई निम्नअनुसार व्याख्या र विश्लेषण गरिएको छ ।

समुदायद्वारा व्यवस्थित भएका विद्यालयका अभिभावकका भनाइ :

<u>गणेशबहादुर गुरुङ, दुर्गा माध्यमिक विद्यालय</u>

समुदायमा जानाले बढी स्वतन्त्रता पाइएको छ । विद्यालयका कार्यक्रममा पत्रद्वारा उपस्थित हुने खबर पाइने गरेको छ । विद्यालयको आर्थिक हिसाब सोधखोज गर्न पाइएको छ । विद्यालयको पढाइप्रति मूल्याङ्कन गर्न पाइने भएको छ । विद्यालय बन्द भएका कारणहरू सोध्न सकिने वातावरण बनेको छ । शिक्षकका बारेमा राम्रा नराम्रा कुराहरू राख्न सकिने वातावरण सृजना भएको छ । विद्यालयका समस्याहरू प्रस्ट गरी थाहा पाइने थालिएको छ । विद्यालयमा समस्या आयो भने मात्र अभिभावकहरूको भेला बोलाइन्छ । विशेष गरी चन्दा माग्न र आर्थिक सहयोग जुटाउने काममा अभिभावकलाई सम्झने गरिएको छ । व्यवस्थापन तालिममा अभिभावकहरूको वास्ता गरिएको छैन । बीचबीचमा कक्षा खाली रहने कारण सोध्दा सर नभएको मात्रै उत्तर पाइने गरेको छ । शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था टीठलाग्दो रहेको छ । सरकारी कामकाजमा अभिभावकलाई खट्ने मौका दिइएको छैन ।

समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका अभिभावकका भनाइ :

<u>चन्द्रप्रसाद काफ्ले, सूर्योदय प्राथमिक विद्यालय</u>

शिक्षा ऐन, नियमअनुसार विद्यालय चलेको छ । विद्यालयका विभिन्न कार्यक्रममा अभिभावकको प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ । विद्यालयको आय-व्यय विवरण सरकारी मान्यताप्राप्त लेखापरीक्षकद्वारा परीक्षण गराई सार्वजनिक गर्ने गरिएको छ । विद्यालयको पठनपाठन योजनाअनुसार भए नभएको खोज्न पाइएको छ । शिक्षकका राम्रा र नराम्रा कामको टिप्पणी गर्न पाइने वातावरण तयार भएको छ । विद्यालयले राखेका खेल कार्यक्रममा अभिभावक दिवसका दिन अभिभावकले पनि खेल्न पाउने व्यवस्था मिलाइएको छ । विद्यालयका राम्रा, नराम्रा पक्षको गोष्ठीमा अभिभावकको उपस्थिति गराउने गरिएको छ । शिक्षकलाई थप सुविधा दिने कुरामा अभिभावक समक्ष कुनै जानकारी आउने गरेको छैन । अभिभावकलाई सहयोग माग्ने पत्रहरू मात्र बढी आउने गरेका छन् । व्यवस्थापकीय तालिम

> सामान्य अभिभावकले पाएका छैनन् । जिल्लाको नीति, कार्यक्रम आदिका बारेमा औपचारिक रूपले अभिभावकलाई कुनै जानकारी आउने गरेको छैन । विद्यालयको फि निर्धारण, पाठ्यपुस्तक वितरण जस्ता काममा अभिभावकलाई केही थाहा हुँदैन । शिक्षक, अभिभावक, वि.व्य.स. र विद्यार्थीको संयुक्त बैठकमा शिक्षकै समस्या बढी प्रस्तुत हुने गरेका छन् ।

प्रस्तुत भनाइले समुदायद्वारा व्यवस्थित भएका र नभएका दुवै किसिमका विद्यालयका सबल र दुर्वल पक्ष उजागर गरेका छन् । विद्यालय समुदायमा जानाले बढी स्वतन्त्र भएको सबल पक्ष एकातिर देखिएको छ भने अर्कातिर विद्यालयमा समस्या आउँदा मात्र अभिभावकको खोजी हुने दुर्बल पक्ष पाइएको छ । त्यस्तै समुदायद्वारा व्यवस्थित नभएका विद्यालय शिक्षा ऐन, नियम, नियमानुसार चल्ने गरेको सबल पक्ष उद्घाटित भएको छ भने शिक्षकका सुविधा वृद्धिमा अभिभावकलाई कुनै जानकारी नहुने दुर्वल पक्ष पनि देखिएको छ । तुलनात्मक रूपले विश्लेषण गर्दा दुवै किसिमका विद्यालयमा खास भिन्नता देखिँदैन ।

४.४.२. शिक्षक अभिभावक संघका अध्यक्षका अभिव्यक्तिहरू

अनुसन्धानको सन्दर्भमा अनुसूची-१० अनुसारका प्रश्नावलीका माध्यमले समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्षहरूका अभिव्यक्तिहरूलाई पनि सङ्कलन गरिएको थियो । उक्त प्रश्नावलीका आधारमा प्राप्त जबाफलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

समुदायद्वारा व्यवस्थित विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्षका भनाइहरू :

<u>देवीप्रसाद भेटवाल, चन्द्रकिरातेश्वर माध्यमिक विद्यालय</u>

> विद्यालयमा खेल खेल्ने चौरको अवस्था राम्रो रहेको छ । विद्यालयका छाना चुहुने छैनन् । नियमानुसार संघको बैठक बस्ने गरेको छ । विद्यालयको आर्थिक क्षेत्रमा केही सुधार आएको छ । कक्षाकोठाको व्यवस्थापन र शिक्षकको उपस्थिति सन्तोषप्रद रहेको छ । शिक्षक, विद्यार्थी, अभिभावक र व्यवस्थापन समितिका बीच सुमधुर सम्बन्ध रहेको छ । कक्षा १० सम्मै निःशुल्क पाठ्यपुस्तक वितरण गरिएको छ । शौचालय र खानेपानीको समुचित व्यवस्था छ । विद्यार्थी सङ्ख्याका आधारमा जिल्ला शिक्षा कार्यालयले राहत दरबन्दी थप गरिदिएको छ । शिक्षक अभिभावक संघको बैठक गणपूरक सङ्ख्या नपुगी स्थगित हुने गरेको पनि छ । संघलाई विद्यालयका सम्पूर्ण पक्षको जानकारी छैन । समयानुसार परिवर्तित नीति लागू गर्न कठिन छ । सरकारसँग दोहोरो सम्बन्ध कागजी रूपमा मात्रै सीमित छ । विद्यालयका समस्या निराकरण गर्ने बारेमा मात्रै धेरै निर्णय गर्नुपरेको छ ।

समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्षका भनाइहरू :

<u>तोर्णबहादुर श्रेष्ठ, जनता निम्न माध्यमिक विद्यालय</u>

> खेलमैदानको अवस्था वैज्ञानिक ढङ्गको छ । विद्यालयका छाना र गारोको अवस्था राम्रो छ । शिक्षक अभिभावक संघको बैठक नियमानुसार चल्ने गरेको छ । कक्षाकोठाको व्यवस्थापन सन्तोषजकै छ । सबै शिक्षक ठीक समयमा विद्यालयमा उपस्थित हुने गरेका छन् । सरोकारवाला पक्षसँग विद्यालयको राम्रो सम्बन्ध छ । निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ । विद्यार्थी सङ्ख्या अनुसार खानेपानी र शौचालयको समुचित व्यवस्था छ । शिक्षक अभिभावक संघको बैठकमा व्यवस्थापन समितिको बढी हस्तक्षेप महसुस गरिएको छ । शि.अ.संघ विद्यालयका समस्याहरू बढी थुपारिने ठाउँ जस्तो भान पर्न थालेको छ । आधुनिक व्यवस्थापन सम्बन्धी तालिम पाइएको छैन । माथिल्लो निकायसँग नाम मात्रको सम्बन्ध छ । विद्यालयका शिक्षक विद्यार्थीसँग गहिरो सम्बन्धको अभाव हुन थालेको छ ।

प्रस्तुत भनाइबाट समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्षले भनेका सबल र दुर्बल पक्षहरू प्रस्तुत भएका छन् । दुवै किसिमका विद्यालयका आआफ्नै सबल र दुर्बल पक्ष रहेका छन् । तुलनात्मक रूपमा दुवै किसिमका विद्यालयमा त्यति ठूलो फरक देखिँदैन ।

### ४.४.३. तालिमप्राप्त शिक्षकको अनुपात

समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको तालिमप्राप्त शिक्षकको अनुपात निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १५ : तालिमप्राप्त शिक्षक अनुपात

| समुदायद्वारा व्यवस्थित भएका विद्यालय | | | | |
|---|---|---|---|---|
| क्रस | विद्यालय | तालिमप्राप्त शिक्षक सङ्ख्या | जम्मा शिक्षक सङ्ख्या | अनुपात |
| १ | सामाजिक निमावि | ८ | १० | ८०% |
| २ | दुर्गा मावि | १७ | २० | ८५% |
| ३ | चन्द्रकिरातेश्वर मावि | १२ | १६ | ७५% |
| | जम्मा | ३७ | ४६ | २४०% |
| | औसत | | | ८०% |

| समुदायद्वारा व्यवस्थित नभएका सामुदायिक विद्यालय | | | | |
|---|---|---|---|---|
| क्रस | विद्यालय | तालिमप्राप्त शिक्षक सङ्ख्या | जम्मा शिक्षक सङ्ख्या | अनुपात |
| १ | जनसेवा उमावि | ३८ | ३८ | १००% |
| २ | जनता निमावि | १० | १३ | ७६.९२% |
| ३ | सूर्योदय प्रावि | ५ | ६ | ८३% |
| | जम्मा | ५७ | ६१ | २५९.९२% |
| | औसत | | | ८६.८४% |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

माथि प्रस्तुत तालिकाले समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयमा शैक्षिक सत्र २०६८ सम्मको तालिमप्राप्त शिक्षकको अनुपातलाई देखाएको छ । जसअनुसार समुदायद्वारा व्यवस्थित भएका सामाजिक निमावि ८०%, दुर्गा मावि ८५% र चन्द्रकिरातेश्वर मावि ७५% गरी शिक्षक तालिम प्राप्त छन् । यी विद्यालयका औसत ८०% शिक्षक तालिमप्राप्त देखिन्छन् । त्यस्तै समुदायद्वारा व्यवस्थित नभएका जनसेवा उमाविमा १००%, जनता निमावि ७६.९२% र सूर्योदय प्राविमा ८३% शिक्षक तालिमप्राप्त देखिन्छन् । यस्ता विद्यालयका औसत ८६.८४% शिक्षक तालिमप्राप्त देखिएका छन् । उक्त तथ्याङ्क अनुसार तालिम प्राप्त शिक्षकको अनुपात समुदायद्वारा व्यवस्थित विद्यालयका भन्दा समुदायद्वारा व्यवस्थित नभएका विद्यालयमा बढी देखिन्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

## ५. १. प्राप्ति

समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयमा अभिभावकको सहभागिताको तुलनात्मक अध्ययन गर्ने सिलसिलामा छनोटमा परेका विद्यालयको अनुसन्धान गर्दा पाइएका प्राप्तिहरूलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका तुलनामा समुदायद्वारा व्यवस्थित विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका बैठक धेरै पटक बस्ने गरेको देखिएको छ। शिक्षक र विद्यार्थीको उपस्थिति दर पनि समुदायद्वारा व्यवस्थित विद्यालयमै सन्तोषजनक देखिएको छ। खुद भर्ना दर समुदायद्वारा व्यवस्थित नभएका विद्यालयमा बढी देखिएको छ भने सहजै देखिने भर्ना दर समुदायद्वारा व्यवस्थित विद्यालयमा बढी देखिएको छ। प्राथमिक तहको औसत सिकाइउपलब्धि समुदायद्वारा व्यवस्थित विद्यालयको ३९.३३% र समुदायद्वारा व्यवस्थित नभएका विद्यालयको ३८.९३% देखिएको छ। समुदायद्वारा व्यवस्थित विद्यालयका विद्यार्थीका कक्षा छाड्ने दर १०% र कक्षा दोहोऱ्याउने दर ९.३३% रहेको देखिन्छ भने समुदायद्वारा व्यवस्थित नभएका विद्यालयमा यो दर क्रमशः १३.३३% र ११.६६% देखिएको छ। कक्षामा शिक्षकले अध्यापन गराउने समय पनि समुदायद्वारा व्यवस्थित विद्यालयमा औसत २ मिनेट बढी देखिएको छ। शैक्षिक सत्र २०६८ मा समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका तुलनामा समुदायद्वारा व्यवस्थित विद्यालय औसत ४ दिन बढी दिन कक्षा सञ्चालन भएको पाइएको छ। कक्षा ५ को उत्तीर्ण प्रतिशत पनि ८.६७% ले बढी देखिएको छ। प्राथमिक तह पूरा गर्ने दर समुदायद्वारा व्यवस्थित विद्यालयमा ७६.६६% देखिएको छ भने समुदायद्वारा व्यवस्थित नभएका विद्यालयमा यस्तो दर ६२% मात्र देखिएको छ। केटीहरूको खुद भर्ना दर पनि समुदायद्वारा व्यवस्थित विद्यालयकै बढी देखिएको छ। समुदायद्वारा व्यवस्थित विद्यालयका शिक्षकहरूको बैठक एक शैक्षिक सत्रमा औसत ९ पटक देखिएको छ भने यो दर समुदायद्वारा व्यवस्थित नभएका विद्यालयमा ७ पटक मात्र देखिएको छ। समुदायद्वारा व्यवस्थित विद्यालयको कक्षाकोठामा औसत ५८ विद्यार्थी देखिन्छन्। यो दर समुदायद्वारा व्यवस्थित नभएका विद्यालयमा ५२ मात्र देखिन्छ। भौतिक सामग्रीहरूमा पनि समुदायद्वारा व्यवस्थित विद्यालयहरू नै अग्रणि देखिएका छन्। विद्यालयको आम्दानी भने समुदायद्वारा व्यवस्थित नभएका विद्यालयको बढी देखिएको छ। विद्यालय व्यवस्थापन समितिले बढी अधिकार प्राप्त गर्ने, समुदायमा जाँदा राज्यबाट एकमुष्ट अनुदानका अतिरिक्त अन्य अनुदान पनि नियमित पाइरहने

लालसाले विद्यालयहरू समुदायमा हस्तान्तरित हुन लालयित देखिएका छन् । समुदायमा हस्तान्तरित विद्यालयका प्रधानाध्यापकहरूले विद्यालयमा सञ्चालनमा केही सहज अनुभव गर्ने गरेको बताएका छन् भने समुदाय विद्यालयको व्यवस्थापन जिम्मा लिन सक्षम भइनसकेको धारणा समुदायमा हस्तान्तरण नभएका विद्यालयका प्रधानाध्यापकहरूले बताएका छन् ।

प्राप्त अधिकारलाई सही तरिकाले प्रयोग गर्न नसक्नु, विद्यालयमा आएको आर्थिक समस्या समाधान गर्न सरकारी मुख ताक्नुपर्ने, राहत दरबन्दीमा शिक्षक तुरुन्त नियुक्ति गर्न नसक्ने, व्यवस्थापकीय ससाना कामको निर्णय गर्न कानुनको आधार लिनुपर्ने, विद्यालयमा राजनीतिक दबाब प्रसस्त आउने, जि. शि. का. बाट निरीक्षण कार्य नाम मात्रको हुने, विद्यालय व्यवस्थापन समितिलाई व्यवस्थापकीय तालिम पूर्ण रूपले नदिएको, सरकारी सुविधा लिनका लागि पहुँच चाहिने जस्ता पक्ष दुवै किसिमका विद्यालयका समस्या रहेको पाइयो ।

## ५. २. निष्कर्ष

समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयमा अभिभावकको सहभागिताको तुलनात्मक अध्ययन गर्ने सन्दर्भमा गरिएको अनुसन्धानको निष्कर्ष निम्नअनुसार प्रस्तुत गरिएको छ :

समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयहरूको तुलनात्मक अध्ययन गर्ने सन्दर्भमा दुवै किसिमका विद्यालयमा विद्यार्थीको खुद भर्नादर, सहजै देखिने भर्नादर, प्राथमिक तहको औसत सिकाइ उपलब्धि, विद्यार्थीको कक्षा छोड्ने र दोहोऱ्याउने दर, शिक्षक र विद्यार्थीको कक्षामा औसत उपस्थिति दर, कक्षामा शिक्षकले अध्यापन गराउने औसत समय, कक्षा सञ्चालन भएको जम्मा दिन र कक्षा ५ को अन्तिम परीक्षाको नतिजा, प्राथमिक तह पूरा गर्ने दर र केटीहरूको खुद भर्नादर, शिक्षक बैठक र अतिरिक्त क्रियाकलाप, कक्षाकोठा र विद्यार्थीको अनुपात, भौतिक वस्तुको विवरण, आय व्यय र बचतको विवरण, प्रतिविद्यार्थी क्षेत्रफल, प्रतिविद्यार्थीका लागि खेलमैदान जस्ता पक्षहरूको तुलनात्मक अध्ययन गरिएको थियो । यसका लागि स्रोतव्यक्ति, विद्यार्थी, कर्मचारी, शिक्षक, अभिभावकका भनाइहरूलाई आधार लिइएको थियो । यस अनुसार समुदायद्वारा व्यवस्थित नभएका सामुदायिक विद्यालयभन्दा समुदायद्वारा व्यवस्थित सामुदायिक विद्यालयको समग्र अवस्था तुलनात्मक रूपमा राम्रो देखिएको छ । यस आधारमा समुदायद्वारा व्यवस्थिति नभएका विद्यालयको दाँजोमा समुदायद्वारा व्यवस्थित सामुदायिक विद्यालयहरू उम्दा रहेको निष्कर्ष निकालिएको छ ।

## ५. ३. सुझाव

समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयहरूको तुलनात्मक अध्ययन गर्ने सन्दर्भमा छनोटमा परेका विद्यालयको अनुसन्धान कार्यबाट प्राप्त तथ्याङ्क र सोको विश्लेषण बाट प्राप्त निष्कर्षका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

### ५.३.१. नीतिगत तहका लागि सुझाव

विद्यार्थीको खुद भर्नादर र सहजै देखिने भर्नादरमा सुधार गर्न विद्यार्थीमुखी कार्यक्रमहरू प्रतिपादन गर्दा राम्रो हुने देखिन्छ । आर्थिक सहयोग पुऱ्याउने कार्यक्रम माथिल्लो निकायबाट विद्यालयमा पुऱ्याउनु उपयुक्त हन्छ । तालिमप्राप्त शिक्षकको अनुपात, महिला शिक्षकको अनुपात, शिक्षक विद्यार्थीको अनुपात आदि क्षेत्रमा व्यापक सुधार गर्नका लागि विद्यालयको आर्थिक, सामाजिक, शैक्षिक, भौतिक जस्ता क्षेत्रमा सुधार गरिनु आवश्यक छ ।

व्यवस्थापन समितिको बैठक नियमानुसार सञ्चालन गर्न विद्यालयहरूलाई प्रोत्साहित गरिनुपर्ने देखिएको छ । प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई तालिममा प्राप्त अनुभव विद्यालयमा प्रयोग गर्न प्रोत्साहत गर्नुपर्दछ । विद्यालयका शिक्षक, कर्मचारीका समस्याहरू लाई समाधान गर्न राष्ट्रिय नीति बनाई व्यवहारमा यथाशीघ्र उतार्नु सान्दर्भिक देखिन्छ । व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई सञ्चालन गर्न बीचबीचमा अवस्थाअनुसार निरन्तर तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ । राहत दरबन्दी वितरण गर्दैमा विद्यालयका सम्पूर्ण समस्या निराकरण हुने होइन अन्य आर्थिक, सामाजिक, प्राविधिक, भौतिक जस्ता पक्षहरूको समस्या निराकरण गर्न प्रत्येक विद्यालयको सूक्ष्म र बृहत् अध्ययन गरी समुदायद्वारा व्यवस्थित भएका विद्यालयका कमीकमजोरी हरूमा सुधार गराउँदै अगाडि बढ्नु व्यावहारिक हुने देखिएको छ । समुदायद्वारा व्यवस्थित भएका विद्यालयहरू समुदायद्वारा व्यवस्थापन नभएका विद्यालयका तुलनामा केही राम्रा देखिए पनि ती विद्यालयका प्रधानाध्यापकहरू तल्लो श्रेणीका र प्राज्ञिक पृष्ठभूमिसमेत अपर्याप्त भएका देखिएकाले  यसलाई राज्यले अविलम्ब सम्बोधन गरिहाल्नुपर्ने अवस्था देखिएको छ ।

### ५.३.२. अभ्यास तहका लागि सुझाव

समुदाय र स्रोतव्यक्तिका बीच दोहोरो सम्बन्ध बलियो पारी आफ्नो क्षेत्रमा परेका सम्पूर्ण विद्यालयको अभिलेख तयार गरी पिछडिएका विद्यालयहरूमा विकास र निर्माण सुधारका कार्यक्रम

दिनु सान्दर्भिक हुन्छ । विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी बनाई बालबालिकाको शिक्षामा पहुँच बढाउन आवश्यक देखिएको छ ।

विद्यालयमा विद्यार्थी आचारसंहिता निर्माण गरी लागू गर्नु आवश्यक छ । विद्यालयमा अभिभावकको सहभागिता वृद्धि गर्न विद्यार्थीका सिकाइउपलब्धि वृद्धि गराउने नीति तथा रणनीतिहरू लागू गर्नुपर्दछ । सहजै देखिने भर्नादर र खुद भर्नादर वृद्धि गर्न समयमै प्रचारप्रसार, घरदैलो, भर्ना कार्यक्रम लागू गर्नुपर्दछ । कक्षा छोड्ने र दोहोऱ्याउने दरमा कमी ल्याउन विद्यालयको पठनपाठनमा सुधार गर्नुपर्ने देखिन्छ । यसका साथै कमजोर विद्यार्थीका लागि उपचारात्मक शिक्षणको व्यवस्था र निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्नु वाञ्छनीय हुने देखिन्छ । विद्यालयहरूमा शिक्षक र विद्यार्थीको उपस्थिति दर वृद्धि गराउन पुरस्कार र दण्डको व्यवस्था गर्नु श्रेयस्कर हुनेछ । कक्षामा शिक्षकले बिताउने समयमा अबिलम्ब सुधार गर्न गनुपर्ने देखिन्छ । यसका लागि प्रधानाध्यापक र सम्बन्धित विद्यालयका विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको सक्रिय सहभागिता आवश्यक देखिएको छ । विद्यालयका सम्पूर्ण सरोकारवाला व्यक्तिसँग राम्रो सम्बन्ध कायम गर्नुपर्दछ । समुदायद्वारा व्यवस्थापन भएका र नभएका विद्यालयहरूको सबल र दुर्बल पक्षको विश्लेषण गरी व्यवहार गर्नु उपयुक्त हुने देखिन्छ । विद्यालयको व्यवस्थापन सुधारका लागि प्र.अ., शिक्षक, विद्यार्थी, माथिल्लो निकाय र समुदायका व्यक्तिसँग राम्रो दोहोरो सम्बन्ध कायम गरिनु आवश्यक देखिएको छ ।

शिक्षकले विनामूल्य, कम मूल्यका शैक्षिक सामग्री निर्माण गरी अध्यापन कार्य गर्न आवश्यक छ । शिक्षकले समयमै कक्षाकोठामा प्रवेश गरी पूरा समय कक्षाकोठामै बिताउनु मनासिब देखिन्छ । अतिरिक्त क्रियाकलापमा बढी सक्रिय भई हरेक महिनाको अन्त्यमा बैठक बसी तालिम र पुनर्ताजगी तालिम लिई योजनाअनुसार शिक्षण कार्य गरी परीक्षा सञ्चालनमा सहयोग गर्दै आचारसंहिता निर्माण गरी कार्यान्वयनमा लैजाँदा उचित हुन्छ ।

### ५.३.३. अनुसन्धान तहका लागि सुझाव

प्रस्तुत अनुसन्धान सीमित स्रोत, साधन र जनशक्तिका आधारमा सम्पन्न गरिएकाले समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयहरूको सम्पूर्ण पक्षको अनुसन्धान हुन सकेको छैन । समुदायद्वारा व्यवस्थित हुने वा नहुने भन्ने विवाद कायमै रहेका बेला यससम्बन्धमा थप अध्ययन अनुसन्धान हुन आवश्यक छ ।

समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयहरूमा विद्यार्थी, अभिभावक, शिक्षक तथा कर्मचारीको आकर्षणका सम्बन्धमा बेग्लै अनुसन्धान गर्न सकिन्छ । यसका अलवा दुवै

किसिमका विद्यालयको शैक्षिक उपलब्धि, भौतिक सुधार जस्ता पक्षमा पनि तुलनात्मक अध्ययन गर्न सकिन्छ । सामुदायिक विद्यालयहरूलाई विभिन्न दातृ निकायहरूले विभिन्न किसिमको सहयोग गर्दै आएका छन् । दातृ निकायहरू कस्तो किसिमको विद्यालयमा सहयोग गर्न रुचाउँछन् भन्ने सवालमा पनि थप अध्ययन गर्न सकिन्छ । दाताको सहयोगलाई कस्ता किसिमका विद्यालयले सही उपयोग गर्न सकेका छन् भन्ने कोणबाट अर्को अनुसन्धान गर्न सकिन्छ ।

# सन्दर्भ सामग्रीहरू

अधिकारी, विष्णुप्रसाद (२०१०), *शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

कठायत (२०६७) *तनहुँ जिल्लाको प्राथमिक विद्यालयहरूको शैक्षिक उपलब्धिलाई प्रभाव पार्ने तत्वहरू एक अध्ययन* (अप्रकाशित शोधपत्र), काठमाडौँ : महेन्द्र रत्न क्याम्पस ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्र बहादुर, (२०६२), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, तीर्थराज (२०६५), *प्राथमिक तहमा विद्यार्थीले कक्षा छाड्ने कारण* (अप्रकाशित शोधपत्र), काठमाडौँ : त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस ।

खनाल, मधुविलास (सन् २००६), *कक्षाकोठामा मनोविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

गौतम, तोयानाथ (२०६६), समुदायमा हस्तान्तरण भएका र नभएका सामुदायिक विद्यालयहरूमा मानव संसाधन व्यवस्थापन (अप्रकाशित शोधपत्र), काठमाडौँ : त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस ।

पाण्डे, लोकनाथ (२०६४) *उच्च र न्यून आर्थिक स्तरका विद्यार्थीहरूको शैक्षिक उपलब्धिबीच तुलनात्मक अध्ययन* (अप्रकाशित शोधपत्र), काठमाडौँ : महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

बज्राचार्य, यमुना र सिग्देल, बेदराज (सन् २००७), *विद्यालय छोडाइमा सामाजिक सांस्कृतिक प्रभाव,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भण्डारी, खेमनन्द (२०६१) विद्यार्थीको पारिवारिक आर्थिक अवस्था र उनीहरूले प्राप्त गर्ने शैक्षिक उपलब्धिबीच एक अध्ययन (शोधपत्र), काठमाडौँ : महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

शिक्षा विभाग (२०६४) *शिक्षा विभागद्वारा गरिएका अध्ययनहरूको प्रतिवेदन,* भक्तपुर : लेखक ।

श्रेष्ठ, चन्द्रबहादुर (२०६२) *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

SERID (2003) A Study on the Identification of out of School Children and Possible Measures for bringing them into Formal and Non-Formal Education System, Kathmandu : Aurthor.

अनुसूची-१ : स्रोतव्यक्तिलाई सोधिएका प्रश्नहरू

# समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन

कृपया तलका विकल्पहरू मध्ये सही उत्तरमा यस्तो ✓ चिह्न लगाइदिनुहोस् । खाली स्थानमा राय लेखीदिनुहोस् ।

१. यस स्रोतकेन्द्रका व्यवस्थापन हस्तान्तरण भएका र नभएका विद्यालयको सिकाइ उपलब्धि कस्को राम्रो छ ?

क) हस्तान्तरणमा गएकोको ख) हस्तान्तरणमा नगएकाको

ग) दुवैको उस्तै छ । घ) गणना गर्न बाँकी छ ।

ङ) अन्य भए ......................................

२. "समुदायद्वारा व्यवस्थित भएका विद्यालयको तुलनामा नभएका विद्यालयको व्यवस्थापकीय प्रभावकारिता बढी राम्रो छ" भन्ने कुरामा तपाईंको मत कुन हुनेछ ?

क) अत्यन्त सहमत ख) सहमत ग) अनिर्णित

घ) असहमत ङ) अत्यन्त असहमत

३. आय व्यय विवरणलाई मूल्याङ्कन गर्दा कस्ता विद्यालयको उत्तम पाइन्छ ?

क) समुदायद्वारा व्यवस्थित भएका । ख) व्यवस्थित नभएका ।

ग) दुवैको उस्तै । घ) गणना गर्न बाँकी छ ।

ङ) अन्य भए ...................................

४. समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयको सवल र दुर्वल पक्षहरू ७/७ वटा क्रमशः बताइदिनु हुन्छ कि ?

| हस्तान्तरण भएका विद्यालय | हस्तान्तरण नभएका विद्यालय |
|---|---|
| सवल पक्षहरू | सवल पक्षहरू |
| १.<br>२.<br>३.<br>४.<br>५.<br>६.<br>७. | १.<br>२.<br>३.<br>४.<br>५.<br>६.<br>७. |

| दुर्वल पक्षहरू | दुर्वल पक्षहरू |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |
| ६. | ६. |
| ७. | ७. |

५. यो क्षेत्रमा ठूलो संख्यामा विद्यालयहरू समुदायद्वारा व्यवस्थित नहुनका मूल ५ कारणहरू के-के होलान् ?

१.

२.

३.

४.

५.

६. यस क्षेत्रका शिक्षाप्रेमीहरूलाई शिक्षा क्षेत्रको व्यवस्थापकीय कार्य सुधार्नका लागि के राय बाँड्न चाहनुहुन्छ ? छोटकरीमा भनिदिनुहोस् ।

अनुसूची-२ : समुदायद्वारा व्यवस्थित भएका सामुदायिक विद्यालयका

प्रधानाध्यापकलाई सोधिएका प्रश्नहरू

## समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन

कृपया तलका विकल्पहरू मध्ये ठीक लागेको विकल्पमा जस्तो ✓ चिन्ह लगाइ दिनुहोस् । खाली ठाउँमा उत्तर लेखिदिनुहोस् ।

१. यस विद्यालयको विद्यार्थीको कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दरको अवस्था कस्तो छ ?

क) अति उत्तम ख) उत्तम

ग) सन्तोषजनक घ) नराम्रो

ङ) ज्यादै नराम्रो

२. यस विद्यालयका शिक्षकले अध्यापन गराउने समय कक्षामा कति राम्रो गरी प्रयोग गरेको देख्नु भएको छ ?

क) अति राम्रो ख) राम्रो

ग) सन्तोषजनक घ) नराम्रो

ङ) अति नराम्रो

३. यस विद्यालयको शिक्षक बैठक र अतिरिक्त क्रियाकलापको अवस्था कस्तो छ ?

क) अति उत्तम ख) उत्तम

ग) सन्तोषजक घ) नराम्रो

ङ) अति नराम्रो

४. यो विद्यालय समुदायमा जाँदाका ५ वटा सवल पक्ष र ५ वटा दुर्वल पक्षहरू के-के छन् ? भनिदिनुहोस् ?

| क.सं. | सवल पक्षहरू | क.सं. | दुर्वल पक्षहरू |
|---|---|---|---|
| ०१. | | ०१. | |
| ०२. | | ०२. | |
| ०३. | | ०३. | |
| ०४. | | ०४. | |
| ०५. | | ०५. | |

५. यस विद्यालयको व्यवस्थापन पक्षमा सुधार गर्न अपनाउनु पर्ने ५ कार्यहरू बताइदिनुहोस् ।

क)

ख)

ग)

घ)

अनुसूची-३ : समुदायद्वारा व्यवस्थित नभएका सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई सोधिएका प्रश्नहरू

# समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन

कृपया तपाईलाई ठीक लागेको विकल्पमा यस्तो ✓ चिन्ह लगाइ दिनुहोस् । खाली ठाउँमा उत्तर भरिदिनुहोस् ।

१. विद्यार्थीको कक्षा छोड्ने र दोहोऱ्याउने दरको बारेमा कुन अवस्था ठीक हो ?

क) अति राम्रो अवस्था ख) राम्रो अवस्था

ग) सन्तोषजनक अवस्था घ) नराम्रो अवस्था

ङ) अति नराम्रो अवस्था

२. यस विद्यालयको शिक्षक बैठक र अतिरिक्त क्रियाकलापको अवस्था सन्तोषजनक छ' भन्दा तपाईको मत कुन रहनेछ ?

क) अति सहमत ख) सहमत

ग) अनिर्णित घ) असहमत

ङ) अत्यन्त असहमत ।

३. यो विद्यालय समुदायद्वारा व्यवस्थित नहुँदाका सवल र दुर्वल पक्षहरू ५/५ वटा बताइ दिनुहुन्छ कि ?

| क.सं. | सवल पक्षहरू | क.सं. | दुर्वल पक्षहरू |
|---|---|---|---|
| ०१. | | ०१. | |
| ०२. | | ०२. | |
| ०३. | | ०३. | |
| ०४. | | ०४. | |
| ०५. | | ०५. | |

४. यस विद्यालयका शक्षिक योजनाहरू कसरी निर्माण गर्नुहुन्छ ? छोटकरीमा बताइ दिनुहुन्छ कि ?

५. समुदायद्वारा व्यवस्थित भएका विद्यालयहरूसँग तपाइँको विद्यालयको सम्वन्धका बारेमा छोटकरीमा भनिदिनुहुन्छ कि ?

अनुसूची-४ : समुदायद्वारा व्यवस्थित भएका सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षलाई सोधिएका प्रश्नहरू

# समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन

कृपया सही उत्तरमा यस्तो ✓ चिन्ह लगाइ दिनुहोला । खाली ठाउँमा उत्तर लेखी दिनुहोस् ।

१. कक्षामा शिक्षकले अध्यापन गराउने समय (मिनेट)मा तपाईको सोच कुन हुन्छ ?

क) अति राम्रो ख) नराम्रो

ग) सन्तोषजनक घ) नराम्रो

ङ) अति नराम्रो

२. कक्षा कोठा र विद्यार्थीको अनुपातको अवस्था कस्तो छ ?

क) अति राम्रो ख) राम्रो

ग) सन्तोषजनक घ) नराम्रो

ङ) अति नराम्रो

३. यो विद्यालय समुदायद्वारा व्यवस्थित भएका कारणले प्राप्त ५ वटा सवल र ५ वटा दुर्वल पक्षहरू भनिदिनुहोस् ।

| क.सं. | सवल पक्षहरू | क.सं. | दुर्वल पक्षहरू |
|---|---|---|---|
| ०१. | | ०१. | |
| ०२. | | ०२. | |
| ०३. | | ०३. | |
| ०४. | | ०४. | |
| ०५. | | ०५. | |

४. यस विद्यालयको विद्यार्थी शिक्षक अनुपात कस्तो अवस्थाको छ ?

क) अति राम्रो ख) राम्रो

ग) सन्तोषजनक घ) नराम्रो ङ) अति नराम्रो

५. यस विद्यालयका शिक्षक, विद्यार्थी अभिभावक र व्यवस्थापन समितिको सम्वन्ध गर्दा बनाउने कार्यक्रमहरू छोटकरीमा बताइ दिनुहुन्छ कि ?

-

६. यस विद्यालयको व्यवस्थापकीय कार्यहरू बढी प्रभावकारी गर्न के-के काम गर्नु पर्दछ ? छोटकरीमा वर्णन गरिदिनुहोस् ।

अनुसूची-५ : समुदायद्वारा व्यवस्थित नभएका सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षलाई सोधिएका प्रश्नहरू

# समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन

कृपया तल सही विकल्पमा यस्तो ✓ चिन्ह लगाइ दिनुहोस् । खाली ठाउँमा उत्तर लेखी भनी दिनुहोस् ।

१. ‘यस विद्यालयमा कक्षाकोठा र विद्यार्थीको अनुपात उपयुक्त छ’ भन्ने वाक्यमा तपाईको धारणा कस्तो छ ?

क) अत्यन्त सहमत    ख) सहमत
ग) अनिर्णित    घ) असहमत
ङ) अत्यन्त असहमत

२. ‘यस विद्यालयको भौतिक अवस्था अत्यन्त राम्रो छ’ भन्ने भनाइमा तपाईको विचार कस्तो छ ?

क) अत्यन्त सहमत    ख) सहमत
ग) अनिर्णित    घ) असहमत
ङ) अत्यन्त असहमत

३. यस विद्यालयको खेल मैदानको अवस्था कस्तो छ ?

क) अति राम्रो    ख) राम्रो    ग) सन्तोषजनक
घ) नराम्रो    ङ) अति नराम्रो

४. विद्यालय समुदायद्वारा व्यवस्थित भएका कारणले हुने सवल र दुर्वल पक्षहरू ५/५ वटा भनिदिनुहुन्छ कि ?

| क.सं. | सवल पक्षहरू | क.सं. | दुर्वल पक्षहरू |
|---|---|---|---|
| ०१. | | ०१. | |
| ०२. | | ०२. | |
| ०३. | | ०३. | |
| ०४. | | ०४. | |
| ०५. | | ०५. | |

५. यो विद्यालयसँग सरोकार राख्ने पक्षहरूसँग सम्वन्ध कसरी विस्तार गर्नुहुन्छ ? कृपया वर्णन गरिदिनुहोस् ।

अनुसूची-६ : समुदायद्वारा व्यवस्थित भएका शिक्षकलाई सोधिएका प्रश्नहरू

# समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन

कृपया तलका प्रश्न पढी सही उत्तरमा यस्तो ✓ चिन्ह र गलत उत्तरमा यस्तो X चिन्ह काष्ठभित्र लगाइ दिनुहोस् । खाली ठाउँमा उत्तर लेखी वा भनिदिनुहोस् ।

१. यस विद्यालयको सिकाइ उपलब्धि अति उत्तम छ । (.................)

२. शिक्षक र विद्यार्थीको औसत उपस्थिति दर सन्तोषजनक छैन । (.................)

३. प्राथमिक तह पूरा गर्न दर र केटीहरूको खुद भर्ना प्रतिशत राम्रो छ । (................)

४. कक्षा कोठा र विद्यार्थीको अनुपात राम्रो छ । (..............)

५. यस विद्यालयको भौतिक अवस्था सन्तोषजनक छ । (...............)

६. यस विद्यालयको आय-व्यय र वचतको विवरण पारदर्शी छ । (...............)

७. विद्यार्थीलाई प्रत्येक कोठामा बस्ने ठाउँ ठीक छ । (...............)

८. यो विद्यालय समुदायमा हस्तान्तरण भएको कारणले प्राप्त सवल र दुर्वल पक्षहरू ५/५ वटा बताइ दिनुहोस् ।

| क्र.सं. | सवल पक्षहरू | क्र.सं. | दुर्वल पक्षहरू |
|---|---|---|---|
| ०१. | | ०१. | |
| ०२. | | ०२. | |
| ०३. | | ०३. | |
| ०४. | | ०४. | |
| ०५. | | ०५. | |

९. विद्यालय र समुदायका बीच भएको सम्वन्धका बारेमा बताइदिनुहुन्छ कि ?

१० शैक्षिक सामग्री निर्माण र प्रयोग गर्ने सम्वन्धमा यो विद्यालयको भूमिका बताइदिनुहुन्छ कि ?

अनुसूची-७ : समुदायद्वारा व्यवस्थित नभएका विद्यालयका शिक्षकलाई सोधिएका प्रश्नहरू

# समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन

कृपया तलका प्रश्न पढी सही उत्तरमा यस्तो ✓ र गलतमा यस्तो x चिह्न लगाई दिनुहोस् ।

१. यस विद्यालयको सिकाइ उपलब्धि अति उत्तम छ । (.................)

२. शिक्षक र विद्यार्थीको औसत उपस्थिति दर सन्तोषजनक छैन । (.................)

३. कक्षामा शिक्षकले अध्यापन गराउने समयको प्रयोग ठीक समयमा हुने गरेको छ । (..........)

४. वर्षभरिमा कक्षा सञ्चालन हुने दिन र कक्षा-५ को अन्तिम परीक्षा उत्तीर्ण अवस्था राम्रो छ ।

५. कक्षा कोठा र विद्यार्थीको अनुपात राम्रो छ । (..............)

६. यो विद्यालय समुदायद्वारा व्यवस्थित नभएको कारणले प्राप्त सवल र दुर्वल पक्षहरू ५/५ वटा बताइ दिनुहोस् ।

| क.सं. | सवल पक्षहरू | क.सं. | दुर्वल पक्षहरू |
|---|---|---|---|
| ०१. | | ०१. | |
| ०२. | | ०२. | |
| ०३. | | ०३. | |
| ०४. | | ०४. | |
| ०५. | | ०५. | |

७. यस विद्यालयका व्यवस्थापकीय पक्षलाई बढी प्रभावकारी तुल्याउनमा शिक्षकले खेल्ने भूमिकाको बारेमा बताइदिनुहुन्छ कि ?

८. विद्यालय र समुदायका बीच भएको सम्वन्धका बारेमा बताइदिनुहुन्छ कि ?

२०. शैक्षिक सामग्री निर्माण र प्रयोग गर्ने सम्वन्धमा यो विद्यालयको भूमिका बताइदिनुहुन्छ कि ?

अनुसूची-८ : समुदायद्वारा व्यवस्थित भएका विद्यालयका विद्यार्थीलाई सोधिएका प्रश्नहरू

# समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन

कृपया तलका वाक्यहरू पढी सही लागेमा यस्तो ✓ चिन्ह र गलत लागेमा यस्तो x चिन्ह कोष्ठ भित्र लगाइ दिनुहोस् । खाली ठाउँमा उत्तर लेखी वा भरिदिनुहोस् ।

१. कक्षामा शिक्षकको प्रवेश ठीक समयमा हुने र कक्षा छाड्ने पनि ठीक समयमा हुन्छ । (..............)

२. यस विद्यालयको कक्षाकोठा, खाने पानीको स्रोत, शौचालय, खेल सामग्री, पुस्तकालय जस्ता भौतिक वस्तुहरूको व्यवस्था सन्तोषजनक छ । (............)

३. यस विद्यालयले विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलाप प्रश्चात् पुरस्कार वितरण गर्ने गरेको छ । (.............)

४. यस विद्यालयले प्रत्येक विद्यार्थीलाई कक्षा कोठामा सुविधाजनक हुने गरी ठाउँको व्यवस्था गरेको छ । (.............)

५. यो विद्यालयको व्यवस्थापन समुदायद्वारा व्यवस्थित हुँदा र नहुँदाका सवल र दुर्वल पक्षहरू ५/५ वटा भनिदिनुहोस् ।

| क्र.सं. | सवल पक्षहरू | क्र.सं. | दुर्वल पक्षहरू |
|---|---|---|---|
| ०१. | | ०१. | |
| ०२. | | ०२. | |
| ०३. | | ०३. | |
| ०४. | | ०४. | |
| ०५. | | ०५. | |

६. यस विद्यालयको विद्यार्थीका समस्याहरू के-के छन्, वर्णन गरिदिनु हुन्छ कि ?

७. विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन भएको वा नभएको बारेमा विस्तृत बताइ दिनुहुन्छ कि ?

-

८. विद्यार्थीको पढाइको स्तर बढाउने बारेमा छोटकरीमा बताइ दिनुहुन्छ कि ?

अनुसूची-९ : समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयका सेवा क्षेत्र भित्रका अभिभावकलाई सोधिएका प्रश्नहरू

# समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन

कृपया तलका भनाइ सही भए यस्तो + चिन्ह र गलत भए - चिन्ह कोष्ठभित्र लगाइदिनुहोस् । खाली ठाउँमा भनी वा लेखी दिनुहोस् ।

१. यस विद्यालयमा विद्यार्थी संख्या जति चाहिने संख्या हुनुपर्ने त्यति संख्या छ । (........)

२. यस विद्यालयका विद्यार्थीहरू शैक्षिक सत्रको अन्त्य नभई कक्षा छाडेर वा फेल भएर अन्यत्रै जाने गर्दछन् । ठूलो संख्यामा फेल भई त्यही कक्षा दोहोऱ्याउँछन् । (........)

३. यस विद्यालयका शिक्षकहरू समयमा विद्यालय जाने, आउने काम गर्दछन् । (.......)

४. यस विद्यालयको कक्षा शिक्षा ऐनले व्यवस्था गरे अनुसार संचालन भएको छ । (.....)

५. यस विद्यालयको शिक्षक बैठकमा अन्य अभिभावकहरूलाई पनि सामेल गराउँछन् र विद्यालयमा संचालित अतिरिक्त क्रियाकलापमा अभिभावकलाई पनि समावेश गराइन्छ ।

(..............)

६. यस विद्यालयका आय-व्यय र वचतको विवरण पारदर्शी छ । (....................)

७. यस विद्यालयको कक्षामा विद्यार्थीको बसाइँ अति चापाचाप छ । (.............)

८. यस विद्यालय समुदायद्वारा व्यवस्थित हुनाले वा नहुनाले हुने सवल र दुर्वल पक्षहरू ५/५ वटा बुँदामा बताइ दिनुहोस् ।

| क्र.सं. | सवल पक्षहरू | क्र.सं. | दुर्वल पक्षहरू |
|---|---|---|---|
| ०१. | | ०१. | |
| ०२. | | ०२. | |
| ०३. | | ०३. | |
| ०४. | | ०४. | |
| ०५. | | ०५. | |

९. यस विद्यालयका सम्पूर्ण शिक्षकहरू तालिम प्राप्त छन् । (......................)

१०. यस विद्यालयमा महिला शिक्षकहरूको संख्या राम्रो अवस्थामा छ । (..............)

११. यस विद्यालयमा विद्यार्थीको संख्या अनुसार शिक्षकको संख्या पनि राम्रो छ । (.......)

१२. यो विद्यालय समुदायद्वारा व्यवस्थित हुनका र नहुनका कारणहरू छोटकरीमा बताइ दिनुहोस् ।

१३. यो विद्यालयले के कस्ता कामको लागि सहयोग माग्ने गरेकोछ, बताइदिनु हुन्छ कि ?

अनुसूची-१० : समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्षलाई सोधिएका प्रश्नहरू

## समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन

कृपया सही लागेको विकल्पमा यस्तो ✓लगाई दिनुहोस् । खाली ठाउँमा भनी वा लेखी दिनुहोस् ।

१. 'यस विद्यालयमा विद्यार्थीको चाप जति धेरै छ' भन्ने भनाइमा तपाईको मत कस्तो छ ?

क) अत्यन्त सहमत ख) सहमत

ग) अनिर्णित घ) असहमत

ङ) अत्यन्त असहमत

२. 'यस विद्यालयको सिकाइ उपलब्धि राम्रो छ' भन्दा तपाईको अभिमत कुन हुनेछ ?

क) अत्यन्त सहमत ख) सहमत

ग) अनिर्णित घ) असहमत

ङ) अत्यन्त असहमत

३. 'यस विद्यालयका फेल भएर नपढ्ने, फेल भएर पुनः त्यही कक्षामा दोहोऱ्याउने, सै सत्र पूरा नगरी विद्यालय छोड्ने पुनः पढ्ने विद्यार्थीको संख्या ज्यादै न्यून छ' भन्ने सन्दर्भमा तपाईको धारणा कुन हुन्छ ।

क) अति उत्तम ख) उत्तम

ग) सन्तोषजनक घ) नराम्रो

ङ) अत्यन्त नराम्रो

४. 'यस विद्यालयका शिक्षक र विद्यार्थी विदाका दिन बाहेक अन्य दिनमा कक्षा छोड्ने गर्दैनन्' भनाइमा तपाईको दृष्टिकोण कुन हुन्छ ?

क) अत्यन्त सहमत ख) सहमत

ग) अनिर्णित घ) असहमत

ङ) अत्यन्त असहमत

५. तपाइँ विद्यालय गएको बेला घण्टी लागेको बेलामा तुरुन्त कक्षामा जाने गरेको अवस्था कस्तो छ ?

क) अति उत्तम ख) उत्तम

ग) अनिर्णित घ) असहमत

ङ) अत्यन्त असहमत

६. 'एक शैक्षिक सत्र भित्र नियमानुसार अध्ययन अध्यापन कार्य यो विद्यालयमा लगातार तरिकाले हुने गर्दछ' भन्दा तपाईको सोच कुन हुन्छ ?

क) अत्यन्त सहमत ख) सहमत

ग) अनियन्त्रित घ) असहमत

ङ) अत्यन्त असहमत

७. 'यस विद्यालयको नतिजा प्रकाशन कार्यक्रममा शिक्षक अभिभावक संघलाई सहभागी गराउँदछन्' भन्दा तपाईँ के भन्नुहुन्छ ?

क) अत्यन्त सहमत ख) सहमत

ग) अनिर्णित घ) असहमत

ङ) अत्यन्त असहमत

८. 'यस विद्यालयको शिक्षक बैठक र अतिरिक्त क्रियाकलापमा शिक्षक अभिभावक संघलाई सामेल गराउँदछन्' भन्ने भनाइमा तपाईको धारणा कस्तो छ ?

क) अत्यन्त सहमत ख) सहमत ग) अनिर्णित

घ) असहमत ङ) अत्यन्त असहमत

९. यस विद्यालयका सबै कक्षाहरूमा विद्यार्थीको बसाइको अवस्था कस्तो छ ?

क) अत्यन्त राम्रो ख) राम्रो

ग) सन्तोषजनक घ) नराम्रो

ङ) अत्यन्त नराम्रो

१०. यस विद्यालयको भवन, पानी खाने धारो, चर्पी आदिको व्यवस्था कस्तो छ ?

क) अति उत्तम ख) उत्तम ग) सन्तोषजनक

घ) नराम्रो

ङ) अत्यन्त नराम्रो

११. 'यस विद्यालयमा अन्तिम परीक्षाको नतिजा प्रकाशनका साथ साथै पुरस्कार वितरण गर्ने प्रथा अति राम्रो छ' भन्ने भनाइमा तपाईको राय के छ ?

क) अत्यन्त सहमत ख) सहमत ग) अनिर्णित

घ) असहमत ङ) अत्यन्त असहमत

१२. यस विद्यालयका कक्षाकोठाहरूको आकार फैलावट (क्षेत्रफल) वर्ग काटेमा कस्तो अवस्था छ ।

क) अति राम्रो ख) राम्रो ग) सन्तोषजनक

घ) नराम्रो ङ) अति नराम्रो

१३. यस विद्यालयमा खेल मैदान कस्तो छ ?

क) ज्यादै फराकिलो ख) फराकिलो

ग) सन्तोषजनक घ) साँघुरो

ङ) अति साँघुरो

१४. यो विद्यालय समुदायद्वारा व्यवस्थित हुनाले/नहुनाले भएका सवल र दुर्वल पक्षका ५/५ वटा बुँदाहरू भनिदिनुहुन्छ कि ?

| क.सं. | सवल पक्षहरू | क.सं. | दुर्वल पक्षहरू |
|---|---|---|---|
| ०१. | | ०१. | |
| ०२. | | ०२. | |
| ०३. | | ०३. | |
| ०४. | | ०४. | |
| ०५. | | ०५. | |

१५. 'यस विद्यालयका सबै शिक्षकहरू तालिम प्राप्त छन्' भन्दा तपाइँको धारणा के छ ?

क) अत्यन्त सहमत ख) सहमत ग) अनिर्णित

घ) असहमत ङ) अत्यन्त असहमत

१६. यस विद्यालयमा महिला शिक्षकको संख्यात्मक अवस्था कस्तो छ ?

क) अत्यन्त राम्रो ख) राम्रो ग) सन्तोषजनक

घ) नराम्रो ङ) अत्यन्त नराम्रो

१७. यस विद्यालयमा महिला शिक्षक अनुपात कस्तो छ ?

क) अति उत्तम ख) उत्तम

ग) सन्तोषजनक ङ) अति कमजोर

१८. यस विद्यालयको व्यवस्थापन समितिसँग शिक्षक अभिभावक संघको सम्वन्धका बारेमा छोटकरीमा बताइदिनुहुन्छ कि ?

-

१९. यस विद्यालयको व्यवस्थापन हस्तान्तर हुने वा नहुने कारणहरू भनिदिनुहोस् ।

-

२०. यस विद्यालयको व्यवस्थापकीय प्रभावकारीताको वृद्धि गराउने के कस्तो भूमिका खेनु पर्दछ ? छोटकरीमा बताइ दिनुहोस् ?

-

२१. यो विद्यालय र माथिल्लो निकायका बीच सम्वन्ध कस्तो छ, वर्णन गर्नुहोस् ।

# अनुसूची-११ : समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयका कार्यरत कर्मचारीलाई सोधिएका प्रश्नहरू

## समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन

कृपया तलका विकल्पहरू मध्ये सही विकल्पमा यस्तो ✓ चिन्ह लगाइ दिनुहोस् । खाली ठाउँमा उत्तर लेखिदिनुहोस् वा भनिदिनुहोस् ।

१. यस विद्यालयको विद्यार्थी संख्या गत सालको भन्दा अहिले कस्तो अवस्थामा छ ?

क) अति बढेको ख) बढेको

ग) जस्ताको तस्तै घ) घटेको

ङ) अति घटेको

२. यस विद्यालयको सिकाइ उपलब्धिका बारेमा तपाईको प्रतिक्रिया कस्तो छ ?

क) अति राम्रो ख) राम्रो

ग) सन्तोषजनक घ) नराम्रो

ङ) अति नराम्रो

३. 'यस विद्यालयमा विद्यार्थीको कक्षा छोड्ने र दोहोऱ्याउने दर गत सालको भन्दा सुध्रिएको छ' भन्दा तपाईको अभिमत के पर्छ ?

क) अत्यन्त सहमत ख) सहमत

ग) अनिर्णित घ) असहमत

ङ) अत्यन्त असहमत

४. 'यस विद्यालयका शिक्षक र विद्यार्थी ठीक समयमा आउने जाने गर्दछन्' भन्ने वाक्यमा तपाई कति विश्वास गर्नुहुन्छ ?

क) ज्यादै विश्वास ख) विश्वास

ग) तटस्थ घ) कम विश्वास

ङ) ज्यादै कम विश्वास

५. 'शिक्षकहरू घण्टी लाग्नासाथ जाने आउने काम गर्दछन्' भन्ने भनाइमा तपाईको सहमत कस्तो छ ?

क) अत्यन्त सहमत ख) सहमत

ग) अनिर्णित घ) असहमत

ङ) अत्यन्त असहमत

६. 'विदाका दिनहरू वाहेक अरु दिन पूर्णरूपले कामको फाँट, कक्षा संचालन हुने कुरा सन्तोषजनक छ' भन्ने सन्दर्भमा तपाईको राय के हुन्छ ?

क) अत्यन्त सहमत ख) सहमत

ग) अनिर्णित घ) असहमत

ङ) अत्यन्त असहमत

७. प्राथमिक कक्षा उत्तीर्ण गर्ने विद्यार्थीको संख्या र केटीहरूको प्रवेश गर्ने संख्याको अवस्था कस्तो छ ?

क) अति उत्तम ख) उत्तम

ग) सन्तोषजनक घ) नराम्रो

ङ) अति नराम्रो

८. विद्यालयको शिक्षक बैठक र खेलकुद कार्यक्रममा कर्मचारीको सहभागिताको अवस्था कस्तो छ ?

क) अति राम्रो ख) राम्रो

ग) सन्तोषजनक घ) नराम्रो

ङ) अति नराम्रो

९. यस विद्यालयको कक्षाकोठा र विद्यार्थीको अनुपात कस्तो अवस्था छ ?

क) अति उत्तम ख) उत्तम

ग) सन्तोषजनक घ) नराम्रो

ङ) अति नराम्रो

१०. तपाईलाई काम गर्न भौतिक सुविधाहरू कस्तो छ ?

क) अति राम्रो ख) राम्रो

ग) सन्तोषजनक घ) नराम्रो

ङ) अति नराम्रो

११. 'तपाईको तलब भत्ताको भुक्तानी समयमै हुन्छ' भन्दा कस्तो मत जाहेर गर्नुहुन्छ ?

क) अत्यन्त सहमत ख) सहमत

ग) अनिर्णित घ) ढिलो

ङ) अत्यन्त ढिलो

१२. तपाईको विद्यालयमा कक्षा कोठाको संख्या र विद्यार्थीको संख्या कस्तो अवस्थाको छ ?

क) अति ठीक ख) ठीक

ग) सन्तोषजनक घ) नराम्रो

ङ) अति नराम्रो

१३. तपाईको विद्यालयमा विद्यार्थीहरूलाई खेल खेल्नका लागि खेल मैदानको अवस्था कस्तो छ ?

क) अति राम्रो ख) राम्रो

ग) सन्तोषजनक घ) नराम्रो

ङ) अति नराम्रो

१४. यस विद्यालयका सबल र दुर्वल ५/५ वटा पक्षहरू भनिदिनुहोस् ।

| क.सं. | सवल पक्षहरू | क.सं. | दुर्वल पक्षहरू |
|---|---|---|---|
| ०१. | | ०१. | |
| ०२. | | ०२. | |
| ०३. | | ०३. | |
| ०४. | | ०४. | |
| ०५. | | ०५. | |

१५. 'यस विद्यालयमा सबै शिक्षकहरू तालिम प्राप्त छन्' भन्ने भनाइमा तपाईको मत कुन हुन्छ ?

क) अत्यन्त सहमत ख) सहमत ग) अनिर्णित

घ) असहमत ङ) अत्यन्त असहमत

१६. यस विद्यालयमा महिला शिक्षकको संख्या कस्तो छ ?

क) अति राम्रो ख) राम्रो ग) सन्तोषजनक

घ) नराम्रो ङ) अति नराम्रो

१७. विद्यार्थी संख्या अनुसार शिक्षकको संख्या कस्तो अवस्थामा छ ?

क) अति उत्तम ख) उत्तम ग) सन्तोषजनक

घ) नराम्रो ङ) अति नराम्रो

१८. यस विद्यालयका कर्मचारीहरूका समस्याहरू के-के छन् ? छोटकरीमा भनिदिनुहोस् ।

-

१९. विद्यालयको व्यवस्थापकीय कार्य सुधार गर्नका लागि कर्मचारीलाई विद्यालयले के-के सहयोग गर्नुपर्छ ? छोटकरीमा बताइ दिनुहोस् ।

-

२०. यस विद्यालयका कर्मचारीले अन्य पक्षसँग सम्वन्ध सुदृढ गर्ने भावी कार्यक्रमहरू के-के छन् ? बताइ दिनहुन्छ कि ?

-

२१. यस विद्यालयका कर्मचारीहरूलाई अझ बढी जागरुक बनाउन के कस्तो भूमिका निभाउनु पर्ला ? विस्तृत गरी बताइदिनुहुन्छ कि ?

-

अनुसूची-१२ : अन्तर्वार्तामा सहभागी विद्यालय सेवाक्षेत्रभित्रका अभिभभावक

# समुदायद्वारा व्यवस्थित भएका र नभएका सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन

| क्र.स. | नाम, थर | लिङ्ग | जात | कैफियत |
|---|---|---|---|---|
| १ | टेकबहादुर राई | पुरुष | राई | |
| २ | कर्णबहादुर परियार | पुरुष | दर्जी | |
| ३ | तेजबहादुर विश्वकर्मा | पुरुष | कामी | |
| ४ | मिरा बजगाईं | महिला | ब्राह्मण | |
| ५ | रीता कार्की | महिला | क्षेत्री | |
| ६ | फूलकुमारी दर्जी | महिला | दर्जी | |
| ७ | उपेन्द्र थापा | पुरुष | क्षेत्री | |
| ८ | धीरेन्द्र सुब्बा | पुरुष | लिम्बू | |
| ९ | पूर्णबहादुर दर्जी | पुरुष | दर्जी | |
| १० | चीरञ्जीवी गौतम | पुरुष | ब्राह्मण | |
| ११ | लक्ष्मी ढुंगेल (दाहाल) | महिला | ब्राह्मण | |
| १२ | रमेश दाहाल | पुरुष | ब्राह्मण | |
| १३ | कमल राई | पुरुष | राई | |
| १४ | केदार सुवेदी | पुरुष | ब्राह्मण | |
| १५ | रणबहादुर मगर | पुरुष | मगर | |
| १६ | गम्भीरजंग राई | पुरुष | राई | |
| १७ | नेत्रप्रसाद भण्डारी | पुरुष | ब्राह्मण | |
| १८ | सुरेश कन्दङ्वा | पुरुष | लिम्बू | |
| १९ | ललित विश्वकर्मा | पुरुष | कामी | |
| २० | रत्नबहादुर बस्नेत | पुरुष | क्षेत्री | |
| २१ | दुर्गादेवी दङ्गाल | महिला | ब्राह्मण | |
| २२ | विना राई | महिला | ब्राह्मण | |
| २३ | भीमप्रसाद लुईटेल | पुरुष | ब्राह्मण | |
| २४ | नरेश विश्वकर्मा | पुरुष | कामी | |